# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ७८ | काठमाडौं | बिहीबार, २६ असार २०८२ | Prabhab National Daily | Thursday, July 10, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# निर्मल निवाससँग लिङ्देनको पौंठेजोरी !



राजेन्द्र लिङ्देन



सगुनसुन्दर लावती



विधानभन्दा माथि राष्ट्रिय प्रजातन्त्र पार्टीमा कोही पनि छैन । विधानले व्यवस्था गरेको कुरा सबैले मान्नुपर्छ, चाहे त्यो अध्यक्ष होस् वा साधारण सदस्य । यसको विपक्षमा जाने कसैलाई सुविधा छैन ।

**जनकराज पाठक**
नेता, राप्रपा

- प्रवक्ताबाट सगुनसुन्दर लावती पदमुक्त
- रोशन कार्की केन्द्रीय अनुशासन समितिको अध्यक्ष पदमा मनोनयन
- सुवेदी र लावतीमाथिको कारबाही विधानविपरीत भएको राप्रपाको संस्थापनइतर पक्षको तर्क

**जेबी योञ्जन**


**काठमाडौं–** निर्मल निवासमा सोमबार पूर्वराजा ज्ञानेन्द्र शाहको ७९औं जन्मोत्सव मनाइँदा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देन, पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनी, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, संयुक्त जनआन्दोलन परिचालन समिति संयोजक नवराज सुवेदीलगायत पुगे । त्यहाँ उनीहरूले ज्ञानेन्द्रलाई शुभकामना दिए । संक्षिप्त संवाद गरे । केही तस्बिर खिचेर फर्किए ।

त्यसको दुई दिनपछि अध्यक्ष लिङ्देनले सुवेदीलाई पार्टीको अनुशासन आयोग अध्यक्षबाट हटाए । प्रवक्ताबाट सगुनसुन्दर लावतीलाई पनि पदमुक्त गरे । सुवेदीको ठाउँमा लिङ्देनले आफूनिकट उपाध्यक्ष रोशन कार्कीलाई ल्याएका छन् ।

सुवेदी ती नेता हुन्, जसलाई देशमा फेरि राजसंस्था र हिन्दूअधिराज्य पुनर्स्थापनाका लागि आन्दोलन गर्ने जिम्मा छ । भनिन्छ, उनलाई संयोजकको जिम्मा निर्मल निवासले दिएको हो । सुवेदीले भने यसलाई अस्वीकार गरेका छन् । तर, पनि उनको नेतृत्वमा गत १५ चैतदेखि जेठको तेस्रो सातासम्म आन्दोलन भयो । गणतन्त्रपक्षधरहरू अत्तालिए । सुवेदी नेतृत्वमा भएको आन्दोलनको अग्रमोर्चामै थिए, लावती पनि । तर, दुवै नेतामाथि लिङ्देनले कारबाही गरे ।

पार्टीका एक जना प्रवक्ता मोहन श्रेष्ठले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीको विधानबमोजिम वरिष्ठ नेता, उपाध्यक्ष, प्रतिनिधिसभा सदस्य मा. रोशन कार्कीलाई केन्द्रीय अनुशासन समितिको अध्यक्ष पदमा मनोनयन गर्नुभएको छ । यसैगरी अध्यक्ष लिङ्देनले प्रवक्ता सगुनसुन्दर लावतीलाई प्रवक्ता पदबाट पदमुक्त गर्नुभएको छ ।'

# भूमि विधेयकमा कांग्रेसको अंकुश






भूमि विधेयकमा मन्त्रीले हेलचक्र्याइँ गर्नुभएको छ । हदबन्दीभन्दा बढी जग्गामा हाम्रो आपत्ति हो ।

**विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस

- बुधबारको प्रतिनिधिसभा बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले विधेयक दफावार छलफलका लागि प्रस्तुत गर्ने र पारित गर्ने तयारी थियो
- थप छलफल नगरी लटरपटर गर्न लागेको भन्दै कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले आपत्ति जनाएपछि विधेयक रोकियो
- गिरिबन्धु टी इस्टेटको जग्गा प्लटिङ गरेर बिक्री गर्न नपाउने व्यवस्था हुनेगरी संशोधन हुनुपर्ने कांग्रेसको माग

**प्रभाव संवाददाता**

**काठमाडौं–** बुधबार पारित गर्ने तयारीमा रहेको भूमि विधेयकमा कांग्रेसले आपत्ति जनाएपछि फिर्ता भएको छ । 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२' प्रतिनिधिसभाको कार्यसूचीमा परेको थाहा पाउनसाथ कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले आपत्ति जनाएका थिए ।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले विधेयक दफावार छलफलका लागि प्रस्तुत गर्ने र पारित गर्ने तयारी थियो । पर्याप्त छलफल नगरी पारित गर्न लागेको भन्दै शर्मा र अर्का महामन्त्री गगन थापाले संशोधन प्रस्तावसमेत राखेका थिए । 'यो त अध्यादेशभन्दा पनि कडा शैलीमा पारित गर्न लागेको देखियो,' महामन्त्री शर्माले भने, 'लटरपटर शैलीमा यसरी पठाउनु हुन्न । पूर्वसहमति खोजौं कि समितिमा पठाउँ । अन्यथा, आजलाई कार्यसूचीबाट हटाइयोस् ।'

लगत्तै सभामुख देवराज घिमिरेले विधेयक कार्यसूचीबाट हटाएका थिए । हदबन्दीभन्दा बढी जग्गामा कांग्रेसले आपत्ति जनाएको शर्माले बताए । 'यो विधेयकमा मन्त्रीले हेलचक्र्याइँ गर्नुभएको छ । हदबन्दीभन्दा बढी जग्गामा हाम्रो आपत्ति हो,' शर्माले भने ।

शर्माले सदन सुरु हुनुअघि नै यस विधेयकमा संशोधन हालेका कांग्रेसका सांसदहरूलाई बोलाएर छलफलसमेत गरेका थिए । जीवन परियार, सञ्जय गौतम, सरस्वती बजिमय, कान्तिका सेजुवाल, कल्पना चौधरी, राजेन्द्रकुमार केसी, रमा कोइराला पौडयाल, मैना कार्की र प्रतिमा गौतमलगायत कांग्रेस सांसदहरूले संयुक्तरूपमा संशोधन हालेका थिए । यसैगरी कांग्रेस महामन्त्री थापा र शर्माले पनि संयुक्तरूपमा संशोधन हालेका थिए ।

## गिरिबन्धु टि स्टेटको जग्गा किनबेचमा रोक लगाउने प्रयास

भूमि विधेयकमा राखिएको प्रतिबन्धात्मक व्यवस्थाको ठाउँमा नेपाली कांग्रेसका दुई महामन्त्रीले संशोधन प्रस्ताव दर्ता गरेका छन् । हदबन्दीभन्दा बढीको जग्गा पतञ्जलि योगपीठ र गिरिबन्धु टी इस्टेटमा दुरूपयोग भएकाले त्यस्तो हुन नदिने कानुनी व्यवस्था हुनुपर्ने उनीहरूको माग छ ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले घरजग्गा व्यवसायको हदबन्दी छुटसम्बन्धी विशेष व्यवस्था शीर्षक राख्नुपर्ने संशोधन प्रस्ताव राखेका हुन् । प्रस्तावमा भनिएको छ, 'तर, प्रचलित कानुनबमोजिम हदबन्दीको छुट लिँदा कुनै कृषि फार्म, चिया उद्योगजस्ता व्यावसायिक कृषि उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनका लागि भनी छुट लिएको वा स्वीकृति लिएको जग्गा सोही प्रयोजनका लागि तोकिएको सर्तबमोजिम उपयोग नगरी खाली (बाँझो) राखेको वा फरक प्रयोजनमा प्रयोग गरेको वा पछि घरजग्गा व्यवसाय कम्पनी खडा गरी उक्त कम्पनीका नामबाट उक्त जग्गामा घरजग्गा व्यवसाय गरेको वा त्यस्तो व्यवसाय गर्ने स्वीकृत लिएको वा स्वीकृतिका लागि निवेदन दिएको रहेछ भने पनि पहिले कृषि उद्योगलगायत अन्य प्रयोजनका लागि छुट वा स्वीकृत लिएको सो जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्तो घडेरीमा घर आवास (अपार्टमेन्ट) निर्माण गरी यस दफाबमोजिम बेचबिखन गर्न पाइने छैन ।'

क्रमशः पृष्ठ २ मा

### ७२ सांसदको संशोधन प्रस्ताव

संसद् सचिवालयका अनुसार ७७ जना सांसदले यो विधेयकमा संशोधन प्रस्ताव दर्ता गराएका छन् । गत शुक्रबारसम्म संयुक्त र व्यक्तिगत गरी ५५ वटा यस्तो प्रस्ताव दर्ता भएको देखिएको छ । ५५औं नम्बरमा महामन्त्रीद्वय थापा र शर्माले संशोधन प्रस्ताव दर्ता गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# दक्षिण कोरियामा तातो लहरले श्रमिकको स्वास्थ्यमा समस्या

- उच्च तापक्रमबाट निर्माण र कृषिमा काम गर्नेहरु बढी प्रभावित
- गत मे १५ तारिखदेखि जुन ८ सम्म एक हजार २२८ जना श्रमिकमा समस्या
- देशभर आठ जना श्रमिकको शंकास्पद मृत्यु भएको र यो तापक्रमका कारण भएको आशंका
- यस वर्ष तापक्रमका कारण देखिने समस्या २.४ प्रतिशतले वृद्धि



*प्रतीकात्मक तस्बिर*

**ममता थापा**

**काठमाडौं–** नेपालीहरूको आकर्षक रोजगार गन्तव्यको रूपमा रहेको दक्षिण कोरियामा तातो लहरका कारण 'आउटडोर' काम गर्ने श्रमिकहरूको स्वास्थ्यमा समस्या देखिन थालेको पाइएको छ । केही श्रमिकको मृत्युसमेत भएको जनाइएको छ । उच्च तापक्रमको समस्याबाट निर्माण र कृषिमा काम गर्नेहरू बढी प्रभावित भएको पाइएको छ ।

कोरियाको रोग नियन्त्रण तथा रोकथाम एजेन्सीका अनुसार गत मे १५ तारिखदेखि जुन ८ सम्म एक हजार २२८ जना श्रमिकमा समस्या देखिएको छ । जसमध्ये गत मंगलबारमात्र समस्या देखिनेहरू २३८ जना छन् । देशभरबाट आठ जनाको शंकास्पद मृत्यु भएको र यो तापक्रमका कारण भएको आशंका गरिएको छ ।

यही आइतबार २० वर्षीय भियतनामी श्रमिकको उत्तरी ग्योन्साङ राज्यको गुमी भन्ने स्थानमा मृत्यु भएको थियो । त्यहाँ उनी अपार्टमेन्ट निर्माण गर्दै गर्दा अचेत अवस्थामा भेटिएका थिए । उनी पहिलो दिन काममा गएकै दिन मृत भेटिएको जनाइएको छ । त्यतिबेला उनको शरीरको तापक्रम ४० डिग्री सेल्सियस मापन गरिएको थियो । त्यस दिन गुमीको तापक्रम ३५ डिग्री सेल्सियस मापन गरिएको थियो ।

यसै वर्ष ८० वर्षीय कृषकको काम गर्दागर्दै ज्यान गएको थियो । उनको शरीरको तापक्रम ४१ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो । गत वर्षको यसै अवधिमा ४८६ जनालाई समस्या देखिएको थियो । यस वर्ष तापक्रमका कारण देखिने समस्या २.४ प्रतिशतले वृद्धि भएको छ । जलवायु संकटका कारण देखिएको तातो लहर जुलाइको सुरुआतदेखि बढेको बताइएको छ । तापक्रमको जोखिममा रहनेहरूका लागि यो लहर खतराको संकेत भनिएको छ ।

कोरियामा कार्यस्थलमा पाँच वा त्योभन्दा बढी कर्मचारी भएको अवस्थामा गर्मीबाट कुनै कामदारको मृत्यु हुँदा रोजगारदातालाई आपराधिकरूपमा जवाफदेही बनाउन सकिने कानुन छ । तर, नियमहरू अपर्याप्तरूपमा लागू गरिएको र यसबाट कमजोर व्यक्तिहरू सबैभन्दा बढी असुरक्षित रहेको श्रमिक संगठनहरूले बताएका छन् ।

बुधबार कोरियाको ट्रेड युनियन महासंघले 'हिट स्ट्रोक'बाट बच्ने आधारभूत उपायका रूपमा प्रत्येक दुई घण्टाको कामपछि २० मिनेट 'ब्रेक'को सुनिश्चतता गर्नुपर्ने सुझाव दिएको छ । विशेषगरी दक्षिणी टापु क्षेत्रको सेवा र पर्यटन क्षेत्रमा काम गर्नेहरूलाई रोजगारदाताले सुरक्षा उपाय र आवश्यक आरामबिनै काममा लगाएको महासंघको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

**रसुवा बाढी**

# आठ जनाको शव काठमाडौं ल्याइयो

- एक जनाबाहेक सबै शवको सनाखत हुन बाँकी
- बाढीमा अझै दुई प्रहरी, छ चिनियाँ नागरिक र ११ जना सर्वसाधारण बेपत्ता
- बाढीको कारण पत्ता लगाउन समस्या



**प्रभाव संवाददाता**

**काठमाडौं–** रसुवामा मंगलबार गएको भीषण बाढीमा परेर मृत्यु भएका नौमध्ये आठ जनाको शव काठमाडौं ल्याइएको छ । एक जनाको भने सनाखत भएसँगै बुधबार नै अन्त्येष्टि गरिएको छ ।

काठमाडौं ल्याइएका सबै शव महाराजगञ्जस्थित शिक्षण अस्पतालमा राखिएको छ । मृत्यु भएकामध्ये एक जनाबाहेक कुनै पनि शवको सनाखत भने हुन नसकेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए ।

उक्त बाढीमा परेर रसुवाबाट बेपत्ता एक जना प्रहरी प्रहरी सहायक निरीक्षक लालबहादुर श्रेष्ठको शव चितवनको १५ किलोस्थित त्रिशूली नदी किनारमा फेला परेको थियो । उनको बुधबार परिवारले शव बुझेर अत्येष्टि गरिएको हो । रसुवा बाढीमा अझै १९ जना बेपत्ता रहेका छन् । अहिले भेटिएको शव त्यही बेपत्तामध्येको हो कि होइन भनेर पहिचान हुन बाँकी रहेको प्रहरीले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

## नदीमा फसेका आठ जनाको सकुशल उद्धार

**काठमाडौं (प्रस)–** बुधबार कैलाली र डडेलधुरामा नदी बीचमा फसेका आठ जनाको सकुशल उद्धार गरिएको छ । कैलालीको गोदावरी नगरपालिका–४ स्थित गोदावरी नदीको बीचमा फसेका छ जनालाई सुरक्षाकर्मीले सकुशल उद्धार गरेको छ ।

नदीको बीच टापुमा फसेका कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–६ का पल्लु सार्की, भागेश्वभरी सार्की, योगेश सार्की, विकट सार्की, वीर सार्की र बेदकोट नगरपालिका–७ का अब्दुल सार्कीलाई उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी निरीक्षक लोकराज जोसीले जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### भूमि...

४६औं नम्बरमा कांग्रेस सांसदहरू दीलेन्द्रप्रसाद बडू, आशा विक, नागिना यादव र सीता मिजारले संयुक्तरूपमा, ४७औं नम्बरमा जीवन परियार, सञ्जय गौतम, सरस्वती बजिमय, कान्तिका सेजुवाल र कल्पना चौधरीले संयुक्तरूपमा तथा ४८औं नम्बरमा राजेन्द्रकुमार केसी, रमा कोइराला पौडयाल, मैना कार्की र प्रतिमा गौतमले संयुक्तरूपमा संशोधन प्रस्ताव दर्ता गराएका छन् ।

कांग्रेसले चार संयुक्त प्रस्तावमा सात बुँदामा संशोधन राखेको सांसदहरूले बताएका छन् । शुक्रबार दिउँसो सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा विज्ञहरूसँग छलफल गरेपछि नेताहरूले संशोधन दर्ता गरेका हुन् ।

संशोधन प्रस्तावमा जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले प्रचलित कानुनबमोजिम जग्गा खरिद गर्नसक्ने तर बिक्री वितरण गर्न नसक्ने व्यवस्थालाई संशोधन गर्ने प्रस्ताव दर्ता गरेको छ ।

■■■

### गिरिबन्धुको...

गिरिबन्धु टी इस्टेटको जग्गा प्लटिङ गरेर बिक्री गर्न नपाउने व्यवस्था हुनेगरी संशोधन हुनुपर्ने माग कांग्रेस महामन्त्री शर्माले गरेका छन् । यो विधेयक प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो स्वार्थमा पारित गर्न लागेको आरोप कांग्रेसले लगाएको छ । गिरिबन्धु टी इस्टेटको जग्गा सट्टपट्ट गरेको भन्दै कांग्रेसले ओलीमाथि यसअघि छानबिनको मागसमेत अघि सारेको थियो । यद्यपि मिलीजुली सरकार बनेपछि कांग्रेस अहिले यो विषयमा मौन छ ।

■■■

### निर्मल निवाससँग...

सुवेदी र लावतीमाथिको कारबाही विधानविपरीत भएको राप्रपाको संस्थापनइतर पक्षको तर्क छ । राप्रपा संस्थापनइतर पक्षका नेता महामन्त्री डा. धवलशमशेर जबरा हुन् । उनी पक्षले विधानतः कारबाही प्रक्रिया अघि नबढाइएको दाबी गर्दै आएको छ । पार्टी विधानमा उल्लिखित अध्यक्षको काम, कर्तव्य र अधिकारको (ग)मा पार्टीको अनुशासन कायम राख्नका लागि निर्देशन दिने र आवश्यक परे कारबाही चलाउन केन्द्रीय कार्यसमितिमा पेस गर्ने भनिएको छ । तर, लिङ्देनले यसअघि निर्देशन नदिएको र कारबाहीबारे केन्द्रीय समितिमा प्रस्तावसमेत नलगेको अवस्थामा सुवेदी र लावतीमाथिको कारबाही विधानविपरीत भएको बताउँछ ।

इतरपक्षका नेता जनकराज पाठकले अध्यक्ष लिङ्देनले गरेको विधानविपरीतको प्रावधानलाई केन्द्रीय समिति बैठकबाट सच्याइने बताए । 'विधानभन्दा माथि राष्ट्रिय प्रजातन्त्र पार्टीमा कोही पनि छैन । विधानले व्यवस्था गरेको कुरा सबैले मान्नुपर्छ, चाहे त्यो अध्यक्ष होस् वा साधारण सदस्य । यसको विपक्षमा जाने कसैलाई सुविधा छैन,' उनले प्रभावसँग भने, 'त्यसैले अध्यक्ष नवराज सुवेदी र सगुनसुन्दर लावतीलाई हटाएको कुरा विधानविपरीत छ । हामी अब बस्ने केन्द्रीय समिति बैठकबाट कोर्स करेक्सन गर्छौं ।'

सुवेदी र लावतीमाथिको कारबाहीलाई लिएर पार्टीमा दुईखाले चर्चा भइरहेको छ । पहिलो- लिङ्देनले निर्मल निवाससँग पौंठेजोरी खेले । दोस्रो- पार्टीमा इतरपक्षविरुद्ध निर्ममतापूर्वक प्रस्तुत ।

पूर्वराजा ज्ञानेन्द्र राजसंस्था र हिन्दूअधिराज्यका लागि एकपटक धक्कादार आन्दोलन गर्न चाहन्छन् । नयाँ वर्षको अवसरमा गत वैशाखको पहिलो साता आयोजना गरेको 'लञ्च मिटिङ'मा पनि उनले राप्रपा नेताहरूसँग आन्दोलनबारे चासो राखेका थिए । यसपछि सुवेदी नेतृत्वको समितिले गत जेठको तेस्रो सातासम्मै आन्दोलन गरे । आन्दोलनको मोर्चामा अग्रभागकै देखिन्थे लावती पनि । तर, कारण उल्लेख नगरी दुवै नेतामाथि कारबाही भयो । कारबाहीले गर्दा राजसंस्था र हिन्दूअधिराज्य पुनर्स्थापना गर्न लिङ्देनको अरुचि रहेको पुष्टि भएको इतरपक्षको आरोप छ ।

यसबाहेक इतरपक्षविरुद्ध पार्टीमा लिङ्देन निर्मम बनेको अर्को टिप्पणी भइरहेको छ । हुन पनि गत वर्ष भारतको टाटा मेमोरियल अस्पतालमा क्यान्सरको उपचार गराउन जाँदा पार्टीको संगठन विभाग प्रमुखबाट महामन्त्री रहेका डा. धवलशमशेर जबरालाई हटाएका थिए । जबराको जिम्मेवारी बुद्धिमान तामाङलाई दिइएको थियो । लावतीलाई पनि यसअघि पार्टीको अन्तर्राष्ट्रिय विभागबाट लिङ्देनले हटाएका थिए । यसलाई लिएर अध्यक्ष लिङ्देनप्रति लावती पनि असन्तुष्ट थिए । त्यहीबीच लिङ्देनले लावतीसँगै सुवेदीलाई जिम्मेवारीबाट हटाएका हुन् ।

सुवेदीले जिम्मेवारीमुक्त गरेको विषय सामान्य भएको प्रतिक्रिया दिए । आफूले कुनै ठूलो कुरा भएजसरी नसोचिएको बताए ।

■■■

### आठ जनाको...

भेटिएका शवमध्ये पाँच शवमात्रै सनाखत गर्न सकिने खालका रहेको छ । चारवटा मानव अंगहरूमात्रै फेला परेको हो । ती शवको डिएनए परीक्षण आवश्यक रहेको प्रहरीले जनाएको छ । उक्त बाढीमा अझै दुई प्रहरी, छ चिनियाँ नागरिक र ११ जना सर्वसाधारण बेपत्ता छन् । उक्त बाढीले नेपाल-चीन सीमा क्षेत्रको मितेरी पुल बगाएको, २४ वटा कन्टेनर, छ वटा ट्रक र ३५ वटा इभी गाडी बगाएको छ ।

धुन्चेदेखि टिमुरे जाने सडकसमेत अवरुद्ध भएको छ । रसुवागढी हाइड्रोको ड्याम, भन्सार कार्यालय रसुवाको यार्डमासमेत क्षति भएको छ । अहिले बेपत्ताहरूको विभिन्न जिल्लाका नदी तटीय क्षेत्रमा खोजी जारी रहेको बागमती प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक सञ्जय सिंह थापाले जानकारी दिए । यस्तै रसुवाका विभिन्न क्षेत्रमा अलपत्र रहेका नागरिकहरूको उद्धार कार्य पनि जारी रहेको प्रहरीले जानकारी दिएको छ ।

#### बाढीको कारण पत्ता लगाउन समस्या

चीन तथा नेपालको उच्च हिमाली क्षेत्रमा बुधबार पनि बादल रहिरहेका कारणले रसुवामा आएको भोटेकोसी बाढीका कारण पत्ता लगाउन सकिएन । जल तथा मौसम विज्ञान विभागले बादलका कारण भू-उपग्रहको सहायताबाट तस्बिर लिन खोज्दा स्पष्ट नभएकाले बाढीका कारण पत्ता लगाउन नसकिएको बताएको छ ।

विभागका अनुसार नेपाल र चीनको भू-भागमा भारी वर्षा नभए पनि रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएको हो । सोमबारदेखि मंगलबार २४ घण्टाको अवधिमा नेपाल-चीन सीमाबाट नजिकमा रहेको रसुवास्थित क्याञ्जिङ मौसमी केन्द्र र रसुवास्थित धुन्चे मौसमी केन्द्रमा फाट्टफुट्ट मात्र वर्षा मापन भएको विभागले जानकारी दिएको छ ।

विभागका बाढीविद् विनोद पराजुलीले चीन तथा नेपालको भू-भागमा रहेको कुनै पनि हिमताल फुटेको हुनसक्ने वा हिउँको ढिक्का खोलामा बसेर थुनिएको र पछि फुटेको हुनसक्ने आशंका रहेको बताए । 'भारी वर्षाका कारण बाढी गएको होइन भन्ने पत्ता लाग्यो । अबचाहिँ के कारण गएको भनेर हामीले अध्यायन गरिरहेका छौं,' उनले भने, 'कार्यस्थलमा नै तत्काल गएर अध्ययन गर्न सम्भव नभए पनि भू-उपग्रहको सहायताबाट कारण थाहा पाउन सकिन्थ्यो । तर बादलका कारण अझै समस्या देखिएको छ ।'

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले पनि बादलका कारण उपग्रह विश्लेषणमा अवरोध पुगेको जनाएको छ ।

■■■

### नदीमा...

उनका अनुसार टापुमा श्राद्ध गर्न गएका उनीहरू मुसलधारे पानीको कारण गोदावरी नदीको वरिपरिबाट पानीको सतह बढ्न गई उक्त टापुबाट आउन नसकी फसेका थिए ।

यसैगरी डडेलधुराको परशुराम नगरपालिका-६ र ७ को सिमानामा रहेको साँदनी खोलाको बीच टापुमा फसेका दुई जनाको बुधबार सशस्त्र प्रहरीले सकुशल उद्धार गरेको छ । उद्धार गरिएकाहरूमा सोही नगरपालिका-६ बस्ने १२ वर्षीया रितु भारती र २५ वर्षीया भुवनेश्वरी सिंह छन् ।

उनीहरू बुधबार दिउँसो बाखा चराउन गएको बेला अविरल बर्षाको कारण उक्त खोलामा पानीको बहाव बढ्न गई खोलाको बीच टापुमा फसेका थिए । सो लगत्तै सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोस्ट तातोपानी र साँदनीबाट खटिएको विपद् व्यवस्थापन तालिम प्राप्त सुरक्षा फौजले उनीहरूको सकुशल उद्धार गरेको जनाएको छ ।

#### कालीगण्डकी तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रह

मुस्ताङको लोमन्थाङ गाउँपालिका-४ नाम्दोकको छुकार खोलामा आएको बाढीका कारण जोखिममा रहेका म्याग्दीस्थित कालीगण्डकी नदी तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रह गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले मंगलबार साँझ एक विज्ञप्ति जारी गर्दै तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरेका हुन् ।

छुकार कालीगण्डकी नदीको सहायक खोला हो । यहाँको अन्नपूर्ण गाउँपालिकाको गोप्चेपानी टिटर, दाना घरा, सुकेबगर, गुइँठे भुरुङ, तातोपानी, पोखरेबगर, ठूलोबगर, महभिर, तिप्ल्याङ, बैसरी, घुमाउने ताल, तिलकेनी र बेनीको कालीपुल क्षेत्र कालीगण्डकी नदीको तटीय क्षेत्रमा रहेका बस्ती हुन् ।

नदीमा बाढीको सतह बढ्दा तटीय क्षेत्रमा कटान हुनसक्ने भएकाले सतर्कता अपनाउन स्थानीयबासीलाई प्रशासनले आग्रह गरेको हो ।

■■■

### दक्षिण कोरियामा...

यस्तो अवस्थामा पनि केही नगर्नुलाई महासंघले राज्यद्धारा गरिएको चरम बेवास्ता भनेको छ । त्यहाँको श्रम तथा रोजगार मन्त्रालयले सुरक्षा उपायको कार्यान्वयनलाई निर्देशन र सुझावमै सीमित गरेको महासंघको आरोप छ । गत वर्ष त्यहाँको राष्ट्रिय सभाले व्यावसायिक सुरक्षा तथा स्वास्थ्य ऐनमा संशोधन गर्दै गर्मीबाट हुने स्वास्थ्य क्षतिलाई रोक्न आवश्यक उपायहरू अपनाउन रोजगारदाताहरूलाई बाध्य पारेको थियो । त्यसपछि मन्त्रालयले ३३ डिग्री सेल्सियसभन्दा बढी तापक्रम भएमा प्रत्येक दुई घण्टामा २० मिनेटको विश्राम अनिवार्य गर्ने नियमको मस्यौदा तयार गरे पनि नियामक सुधार समितिले साना रोजगारदातालाई अत्याधिक भार पर्ने भन्दै यसलाई रोकेको थियो ।

गत सोमबार राष्ट्रपतिले अत्यधिक तापक्रमका कारण भइरहेको स्वास्थ्य जोखिमलाई निरिक्षण र व्यवस्थापन गर्न भनेपछि श्रम मन्त्रालयले ब्रेकको नीतिलाई पुनः अगाडि बढाउने प्रतिबद्धता जनाएको छ ।

नेपालसहित १७ वटा देशबाट कोरियाले जिटुजीमार्फत श्रमिकहरू लग्दै आएको छ । सन् २००८ यता एक लाख १५ हजारभन्दा बढी नेपाली श्रमिक कोरिया गएका छन् । उनीहरू कृषि, उत्पादन, सिप बिल्डिङ, फरेस्ट्री तथा सेवा क्षेत्रमा कार्यरत छन् । ***(एजेन्सीको सहयोगमा)***


**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।१२।१८ गते भक्तपुर, सु.न.पा-०८, सिपाडोल सुर्यविनायकबाट पार्किङ गरिराखेको कालो रङ्को Bajaj 150 cc मोटरसाइकल रातको अन्दाजी ८:१५ देखि ८:४५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : बद्रिलाल मानन्धर**
**बाइक नं.: बा.प्र.0३ 0२ 0१२ प ६७७२**
**च्यासिस नं.: MD2A11CYXKPE30313**
**इन्जिन नं. : DHYRE75216**
**ठेगाना: काभ्रे, धुलिखेल-७**
**सम्पर्क: ९८४१९१५९४४**

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD. इजाजत नम्बर ३०७/०५९/६० मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| SN | NAME | POSITION |
|---|---|---|
| 1 | Hom Narayan Chaudhary | Marketing Director |
| 2 | Samjhana Tamang | Public Relation Officer |

LIC. 307/059/60
**BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906
Email: service.bhairabintl@gmail.comm

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०२/२० मा दर्ता भएको **प्रा.लि.नं. १२३२०८** को **फोर ग्रुप फर रिक्रुटमेण्ट सेक्युरिटी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भूमि सुधार तथा मालपोत कार्यालय सर्लाही, मलंगवाको**
**३५ दिने सार्वजनिक सूचना**

जि. सर्लाही साविक गा.वि.स. कविलासी वार्ड नं. ८ सिर्सीया हाल कविलासी न.पा. वार्ड नं. ७ मा बस्ने मनचित मिसर नाउँको हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.सर्लाही साविक गा.वि.स. कविलासी वार्ड नं. ८ सिर्सीया हाल कविलासी न.पा. वार्ड नं. ७ मा बस्ने रन्जु कुमारीको नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि. कविलासी वार्ड नं. ८क कि.नं. २५४ को क्षेत्रफल १-०-१५ जग्गाको मोही महलमा जि.सर्लाही साविक गा.वि.स. कविलासी वार्ड नं. ८ सिर्सीया हाल कविलासी न.पा. वार्ड नं. ७ मा बस्ने मनचित मिसर को नाम उल्लेख रहेकोमा जग्गा भएको धनीको मरुवा, भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा कार्यालयबाट मिति २०८२/३/२२ मा भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरुवा, भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/२६**

**होटल आराधना प्रा. लि.** को मिति २०७९/०८/२० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल वि. जी. बाग्लुङ्ग एण्ड रेष्टुरेण्ट प्रा. लि. (प्रा.लि. नं. १०९०२१)** कायम गर्ने गरी मिति २०७९/०८/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

*दोस्रो पटक प्रकाशित मिति २०८२/०३/२६ गते*

यस कम्पनीको मिति २०८२/०२/०८ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **स्वप्न वर्ल्ड स्कुल भक्तपुर**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व सकार्ने व्यहोर्ने गरी **स्वप्न संसार स्कूल भक्तपुर, (दर्ता नम्बर २१७९६)** कम्पनी रजिष्ट्रार कार्यालय कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई मिति २०८२/०२/१४ को निर्णयानुसार **कायम गरिएको** व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**अधिकृत वारेसनामा बदर गरिएको ३५ दिने सूचना**

श्री काठमाडौ जिल्ला अदालत समक्ष मिति २०७५/०५/०४ गते भएको अधिकृत वारेसनामा म अ.वा. दिने शिवनाथ गिरीको नातिनी शिवसरण गिरीको छोरी जिल्ला रौतहट साविक झुनखुनुवा गा.वि.स वडा नं. ०६ को परिवर्तित ऐ राजदेवी नगरपालिका वडा नं ०६ बस्ने बर्ष ७० कि शान्ति देवी (ना.प्र.न. ४११८१८३९ मिति २०३७/०८/१८, जि.प्र.का. रौतहट) र अधिकृत बारेस पाप्तकर्ता ओम प्रकाश गोयलको नाति कैलाशचन्द गोयलको छोरा काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ०९ बस्ने बर्ष ३२ को चिराग गोयल (ना.प्र.न.।२७१०६०/३६९७६/ २३२६९, मिति२०६६/०१/१०, जि.प्र.का. काठमाडौ बिच जि रौतहट झुनखुनुवा वडा नं.०६(क) कि.नं.३८७,४४६,३०२,८४६,९५३, १०४०, १०९९. ११०१, ११८०, ११९२, ११९०,६०७, ११८८, ११४४,९५५,६१०,४०५,४०६, ऐ, वडा नं. ०७ (ग) को कि.नं. ६१,१०१ जग्गाको सम्बन्धमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ २ १५४ न बमोजिम मुद्दा गर्न र रा पा. गरी बिक्रि गर्ने प्रयोजन बापत अ.वा. गरी दिएकोमा सो कार्य नभएकोले, उक्त कार्य म स्वयमले गर्ने भएबाट आजको मितिदेखि मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(ग) बमोजिम उक्त मिति २०७५।०५।०४ गते भएको उल्लेखित अधिकृत वारेसनामा बदर गरीदिएको जानकारी गर्दछु।


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बिहीबार, २६ असार, २०८२**

| | |
|---|---|
| **मेष** | आर्थिक पक्ष सबल रहनेछ । |
| **वृष** | रमाइलो यात्राको योग छ । |
| **मिथुन** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **कर्कट** | रोकिएका काम सम्पादन हुनेछ । |
| **सिंह** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कन्या** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृश्चिक** | सोचेको उपलब्धि प्राप्त नहुने । |
| **धनु** | काम गर्दा सकारात्मक उर्जा प्राप्त हुनेछ । |
| **मकर** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **कुम्भ** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **मीन** | सुखद समाचारले उत्साह जगाउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२६ असार , २०८२ (१० जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.८२ | १३७.४२ |
| युरो | १ को | १६०.५४ | १६१.२४ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.७९ | १८६.६१ |
| स्विस फ्रैन्क | १ को | १७१.६६ | १७२.४१ |
| अस्ट्रेलियन डलर | १ को | ८९.५४ | ८९.९३ |
| क्यानाडियन डलर | १ को | १००.२५ | १००.६९ |
| सिङ्गापुर डलर | १ को | १०७.०२ | १०७.४९ |
| जापानी येन | १० को | ९.३४ | ९.३८ |
| चिनियाँ युआन | १ को | १९.०७ | १९.१६ |
| साउदी अरब रियाल | १ को | ३६.४८ | ३६.६४ |
| कतारी रियाल | १ को | ३७.५४ | ३७.७१ |
| थाई भाट | ख १ को | ४.२१ | ४.२३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२५ | ३७.४१ |
| मलेसियन रिङेट | १ को | ३२.२६ | ३२.४० |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०३ |
| स्विडिस क्रोनर | १ को | १४.३८ | १४.४४ |
| डेनिस क्रोनर | १ को | २१.५२ | २१.६१ |
| हङकङ डलर | १ को | १७.४३ | १७.५१ |
| कुवेती दिनार | १ को | ४४७.८७ | ४४९.८३ |
| बहराइन दिनार | १ को | ३६२.९५ | ३६४.५४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**काष्ठकलाका सामग्री निर्माण गरिंदै** | ललितपुर महानगरपालिका–२२ स्थित बुङ्मतीका स्थानीय काष्ठकलाका सामग्री निर्माण गर्दै ।
*तस्बिरः हरिराम भेटुवाल/रासस*

# विशेष अदालतले पायो अन्तर्राष्ट्रिय मापदण्डको प्रमाणपत्र

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** विशेष अदालतले अन्तर्राष्ट्रिय मापदण्ड संगठन (आइएसओ) को प्रमाणपत्र प्राप्त गरेको छ । न्यायिक प्रणाली जवाफदेहीता, दिगोपना र प्रशासनिक सुधारमा चुस्त देखिएको भनी उक्त प्रमाणपत्र दिइएको हो ।

अदालतका अध्यक्ष टेकनारायण कुँवरले उक्त प्रमाणपत्र (यानएस/आइएसओ ९००१:२०१५) को बुधबार विशेष अदालतमा आयोजित कार्यक्रममा सार्वजनिक गरे । उनले न्यायिक तथा प्रशासनिक प्रक्रियामा उच्चतम इमान्दारिता, जवाफदेहिता र सार्वजनिक विश्वास कायम राख्न प्रयत्न गरिरहेकाले आइएसओको प्रमाणपत्र प्राप्त गर्न सफल भएको जानकारी दिए ।

अध्यक्ष कुँवरले कानुनबमोजिम निष्पक्ष न्याय सम्पादन, खुला, पारदर्शी र अभिलिखित न्यायिक प्रक्रिया कायम गर्न न्यायिक निकायलाई परीक्षण, तालिम र प्रविधिका माध्यमबाट नियमितरूपमा सुधार गर्न प्रयत्न गरिरहेको बताए । 'विशेष अदालत आइएसओको प्रमाणपत्र पाउने नेपालकै पहिलो अदालत बनेको छ । यो पहलले अदालतको दैनिक कामकाज र प्रक्रियाको दस्तावेजीकरण समावेश गर्नुपर्ने, हरेक वर्ष लेखापरीक्षण (अडिट) गर्नुपर्ने र प्रत्येक तीन वर्षमा पुनःप्रमाणित गर्नुपर्ने हुन्छ,' उनले भने ।

अध्यक्ष कुँवरले अदालतको अभिलेख प्रणालीलाई आधुनिकीकरणको मार्गमा अगाडि बढाएर कागजविहीन बनाउने, 'डिजिटल रेकर्डिङ' प्रणाली र 'भर्चुअल' सुनुवाइमार्फत न्यायमा सहज पहुँचमा ध्यान दिइरहेको बताए । उनका अनुसार आर्थिक वर्ष २०८१/८२ को असार २५ गतेसम्मको तथ्यांकका आधारमा अदालतले कूल २०६ मध्ये १२३ थान मुद्दा फर्स्योट गरेको छ भने ८३ बाँकी छन् । विशेष अदालतको विगत पाँच वर्षको मुद्दाको तथ्यांकलाई अध्ययन गर्दा सबैभन्दा बढी आव २०८०/८१ मा मुद्दा फर्स्योट भएको छ । उक्त आवमा ५७५ मध्ये ५०६ मुद्दा फर्स्योट भएको थियो ।

त्यसअघि, आव २०७७/७८ मा सबैभन्दा कम १५.७ प्रतिशत, आव २०७८/७९ मा ४२.८० प्रतिशत, आव २०७९/८० मा ४५.७६ प्रतिशतमात्रै मुद्दा फर्स्योट भएको थियो । आव २०७६/७७ मा ७७.०५ प्रतिशत मुद्दा फर्स्योट भएको थियो । २०८२ असार २२ गतेसम्म २०५ मध्ये १२३ मुद्दा फर्स्योट भएका छन् ।

विशेष अदालतले आव २०८०/८१ मा सबैभन्दा बढी मुद्दा फर्स्योट गरी न्याय सम्पादनलाई चुस्तदुरुस्त राख्न सफल भई आइएसओ प्रमाणपत्र प्राप्त गरेको अध्यक्ष कुँवरले बताए । जेनेभामा मुख्य कार्यालय रहेको यस संगठनको प्रमाणपत्र प्रक्रिया पूरा गरी नेपाल नापतौल तथा गुणस्तर विभागमार्फत विशेष अदालताई प्रदान गरिएको हो ।

विशेष अदालतका अध्यक्ष कुँवरले अदालतको व्यवस्थापनलाई नमूना बनाउने, सेवाग्राहीमैत्री वातावरणको सिर्जना, मुद्दाको अंग पुऱ्याइ छ महिनाभित्र फैसला गर्ने योजनासहित काम गरिरहेको बताउँदै फैसला कार्यान्वयनलाई तीव्रता दिने काममा लागिरहेको जानकारी दिए । उनका अनुसार अदालतले नेपालका साथै विश्वको जुनसुकै स्थानबाट पनि 'भर्चुअल' सुनुवाइ गरिरहेको छ ।

# 'नेपाली भूमि आतंकवादी क्रियाकलापमा प्रयोग हुन नदिऔं'



**काठमाडौं (प्रस)–** विश्वभर समस्याका रूपमा देखिएको आतंकवादी क्रियाकलाप दक्षिण एसियाली क्षेत्रमा बढ्न थालेपछि नेपालले पनि यस विषयलाई गम्भीररूपमा लिनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

नेपाल इन्स्टिच्युट फर इन्टरनेसनल कोअपरेसन एण्ड इन्गेजमेन्ट (नाइस)ले बुधबार काठमाडौंमा आयोजना गरेको 'दक्षिण एसियामा आतंकवादः क्षेत्रीय शान्ति र सुरक्षाका चुनौती' विषयक गोष्ठीका वक्ताहरूले आतंकवादी क्रियाकलापमा नेपालको भूमि प्रयोग हुन नदिनेतर्फ सबै खालका प्रयास र पहल थालिनुपर्नेमा जोड दिएका हुन् । खुला सिमाना, सम्पत्ति शुद्धीकरण तथा अवैध विदेशी मुद्राको कारोबार, लागुऔषध, साइबर सुरक्षालगायतका चुनौती नेपालका सामु रहेको उल्लेख गर्दै कार्यक्रमका वक्ताले ती समस्याको निवारणका लागि आन्तरिक तथा बाह्य दुवै पहल गरिनुपर्ने बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका सांसद एनपी साउदले नेपाल भूराजनीतिकरूपले संवेदनशील स्थानमा रहेको उल्लेख गर्दै आतंकवाद नियन्त्रणका लागि नेपालको नीति स्पष्ट हुनुपर्ने बताए । 'हाम्रो सिमाना एकातर्फ चीनको संवेदनशील क्षेत्र मानिने तिब्बतसँग जोडिएको छ भने अर्कोतर्फ भारतसँग खुला सिमाना छ । यस अर्थमा पनि हामी भूराजनीतिक ढंगले संवेदनशील क्षेत्रमा छौं,' उनले भने, 'नेपालले आतंकवादका विरुद्ध आफ्नो स्पष्ट धारणा राख्दै आएको छ । यद्यपि, यसको सम्बन्ध भूगोल, सीमा, धर्म, राजनीतिक अतिवादजस्ता जुनसुकै कुरामा जोडिएको हुनसक्ने भएकाले हामी चनाखो हुनुपर्छ ।'

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को अध्यक्ष राष्ट्रका हैसियतले नेपालले भारत र पाकिस्तानबीच पछिल्लो समय देखिएको विवाद निरूपण तथा यस क्षेत्रमा आउनसक्ने सम्भावित खतरा टार्न पहल गर्नसक्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शिशिर खनालले आतंकवाद नियन्त्रण सबै देश, क्षेत्रीय संघ संगठन तथा निकाय र पक्षको सामूहिक जिम्मेवारी रहेको बताए । 'हामीले आतंकवाद नियन्त्रणका लागि हाम्रा कूटनीतिक तौरतरिकामा पनि बदलाव ल्याउनु जरुरी छ । पुरातन शैलीले काम नगरेको अवस्थामा कूटनीतिक प्रयास फरक तरिकाले अघि बढाएर समस्या समाधान गर्न सकिन्छ,' उनले भने । सार्क र बिमस्टेकजस्ता क्षेत्रीय संगठनलाई थप प्रभावकारी बनाउनुपर्नेमा उनले जोड दिए ।

नेपाली कांग्रेसकी सांसद चन्दा चौधरीले राजनीतिक अस्थिरता, सीमा विवाद, धार्मिक कट्टरवाद, आर्थिक असमानताजस्ता कारणले आतंकवाद नियन्त्रणमा चुनौती थपिएको उल्लेख गर्दै यस्ता क्रियाकलापमा नेपालको भूमि प्रयोग हुन नदिनेतर्फ सजग हुनुपर्ने बताइन् ।

राष्ट्रपति रामचन्द्र पौडेलका राजनीतिक विज्ञ सुनिलबहादुर थापाले पछिल्लो समय विश्व व्यवस्था र शक्ति सन्तुलनमा फेरबदल भइरहेकाले यसले अस्थिरता सिर्जना गरेको बताए । विभिन्न देशबीच देखिएको टकराव र द्वन्द्वको स्थिति समाधान गर्न कूटनीतिक संवाद र प्रजातान्त्रिक विधि तथा प्रक्रिया अबलम्बन गरिनुपर्ने उनको भनाइ छ ।

नेपाली कांग्रेसका नेता मिनेन्द्र रिजालले दक्षिण एसियाली क्षेत्रका दुई आणविक शक्ति भारत र पाकिस्तानबीचको वैमनस्यता तथा द्वन्द्वको स्थितिले समग्र दक्षिण एसियाली क्षेत्र प्रभावित हुने बताए । नेपालका लागि सबै मुलुक, विकास साझेदार तथा दातृ निकायसँगको सम्बन्ध उत्तिकै महत्त्वपूर्ण हुने उल्लेख गर्दै रिजालले आफ्नो असंलग्न र तटस्थ परराष्ट्र नीतिलाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताए ।

कार्यक्रममा नाइसकी निर्देशक सुमित्रा कार्कीले पछिल्लो समय विभिन्न देशबीचको बढ्दो तनावसँगै खासगरी दक्षिण एसियाली क्षेत्रमा भारत तथा पाकिस्तानबीचको द्वन्द्वको प्रभाव नेपालमा देखिन सक्ने उल्लेख गरिन् । सबै खालका आतंकवादी र अवैध क्रियाकलाप नियन्त्रणका लागि पहल गरिनुपर्नेमा उनले जोड दिइन् ।

जम्मु-काश्मीरको पहलगाममा तथा इजरायल-हमास युद्धमासमेत नेपालीले ज्यान गुमाएको विषय गम्भीर भएकाले विश्वका जुनकुनै स्थानमा भए पनि नेपाली सुरक्षित भएर बस्ने वातावरणका लागि आतंकवादी क्रियाकलापका विरुद्ध पहल चाल्नुपर्ने कार्यक्रमका वक्ताहरूको जोड थियो ।

## बाढीप्रभावितप्रति संवेदनशील बन्न आयोगको आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा हराइरहेकाको खोजीलाई तीव्र बनाउन, घाइतेको निःशुल्क र भरपर्दो उपचार गराउन माग गरेको छ । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले बुधबार प्रेस विज्ञप्तिमार्फत यस्तो आग्रह गरेका हुन् ।

विज्ञप्तिमा उक्त बाढीपहिरोका कारण मृतकका परिवारलाई उचित क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन र आवत जावत सञ्चालन गर्न माग गरिएको छ । 'बाढीमा परी अझै हराइरहेकाको खोजीलाई तीव्र बनाउन, घाइतेको निःशुल्क, भरपर्दो उपचार गराउन, मृतकका परिवारलाई उचित क्षतिपूर्ति र राहत उपलब्ध गराउनुपर्छ,' विज्ञप्तिमा भनिएको छ, 'आवतजावत सञ्चालन गर्न, संकटको बेला हुन सक्ने कालोबजारीलाई नियन्त्रण गर्दै दैनिक उपभोग्य वस्तुको आपूर्तिलाई सहज बनाउन, विपद्पूर्व, विपद्को अवस्था र विपद्पश्चात् गरिनुपर्ने कार्यको प्रभावकारी योजना बनाउन जरुरी छ ।'

आयोगले संकटको बेलामा हुन सक्ने मानवअधिकार उल्लंघनका घटनाप्रति सचेत हुन सरकारलाई आग्रह गरेको छ । यस विपद्पूर्ण घडीमा राज्यका निकायले गर्ने कार्यलाई आ-आफ्नो भूमिकामा रहेर सघाउनसमेत आयोगले आमसर्वसाधारणलाई अनुरोध गरेको छ ।

# त्रिवि उपकुलपतिमा अर्याल



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालयको उपकुलपति प्रा.डा. दीपक अर्याल नियुक्त भएका छन् । प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले बुधबार अर्याललाई उपकुलपति नियुक्त गरेका हुन् ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तको संयोजकत्वको गठित सिफारिस समितिले सिफारिस गरेका तीन जनामध्ये प्रा.डा. अर्याल प्रधानमन्त्री ओलीको रोजाइमा परेका हुन् । उनी जल तथा मौसम केन्द्रीय विभाग प्रमुखको जिम्मेवारीमा थिए ।

नवनियुक्त उपकुलपति अर्यालले बुधबार नै प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति ओलीसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको कार्यक्रममा कुलपति ओलीले उनलाई शपथ गराएका हुन् ।

सिफारिस समितिले यही असार २३ गते प्रधानमन्त्री ओलीसमक्ष सिफारिस गरेका तीनजनामा अर्यालसँगै हालका निमित्त उपकुलपति प्रा.डा. खड्ग केसी र त्रिविको विज्ञान संकायका पूर्वडीन प्रा.डा. विनिल अर्याल रहेका थिए ।

उपकुलपति प्रा.डा. केशरजंग बरालले दिएको राजीनामा गत चैत २८ गते स्वीकृत भएपछि उक्त पद रिक्त हुन पुगेको थियो । गत चैत ३१ गते विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रधानमन्त्री ओलीले शिक्षाध्यक्ष केसीलाई पदपूर्ति नभएसम्मका लागि बढीमा तीन महिनाका लागि उपकुलपतिको जिम्मेवारी दिएका थिए ।


**साउदीमा रोजगार** कम्पनी : MASAR AL-BAN OPERATION AND MAINTENANCE COMPANY
पूर्व स्वीकृति मिति : २०८१/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२५ | LT. No. 321466 | चलानी नं. ६०२३५७९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 4 | 0 | 1200 | ४३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १ गते (17th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**युएइमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 326923 | चलानी नं.६०२२९१७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer / Building worker | 100 | 0 | 800 | २९,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १ गते (17th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Star Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम ईजाजत नं. २५७/०५८/०५९



**हार्दिक श्रद्धाञ्जली**



**स्व. गंगाकुमारी केसी**

मेरा परम मित्र काठमाडौं– ७, चाबहिल निवासी रामेश्वर केसीका ममतामयी माता गंगाकुमारी केसीको असामयिक निधनले मलाई मर्माहत तुल्याएको छ । दुःखको यो घडीमा स्वर्गीय आत्माको चीरशान्तिका निम्ति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछु ।

**मुस्कान पौडेल**
अध्यक्ष
**युनाइटेड नेपाल डेमोक्रेटिक पार्टी**
केन्द्रीय कार्यालय, वानेश्वर, काठमाडौं



**जापानमा रोजगार** कम्पनी : JinZai Human Resource Cooperative
पूर्व स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 326855 | चलानी नं. ६०२४०८५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food processing | 12 | 0 | 174027 | १६२,७२५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | निःशुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १ गते (17th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४



**युएइमा रोजगार** कम्पनी : WATER SEAL INSULATION MAT CONT. CO. L L C
पूर्व स्वीकृति मिति : २०८१/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२५ | LT. No. 304248 | चलानी नं. ६०२१८९५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer | 4 | 0 | 1200 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 5 | 0 | 1200 | ४४,८०५ | | | | | | | |
| 3 | Painter | 7 | 0 | 1200 | ४४,८०५ | | | | | | | |
| 4 | Gypsum Carpenters | 8 | 0 | 1200 | ४४,८०५ | | | | | | | |
| 5 | General Helper | 10 | 0 | 900 | ३३,६०५ | | | | | | | |

कम्पनी : RUKIN AL BASMAH METALIC CONT IND LLC.
पूर्व स्वीकृति मिति : २०८१/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२५ | LT. No. 304249 | चलानी नं. ६०२१८९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer | 1 | 0 | 1200 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1200 | ४४,८०५ | | | | | | | |
| 3 | Painter | 10 | 0 | 1200 | ४४,८०५ | | | | | | | |
| 4 | Mason | 7 | 0 | 1200 | ४४,८०५ | | | | | | | |
| 5 | Gypsum Carpenters | 2 | 0 | 1200 | ४४,८०५ | | | | | | | |
| 6 | General Helper | 1 | 0 | 900 | ३३,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः • धनुषा, जनकपुरमा मितिः २०८२ साउन १ गते (17th July 2025) मा हुनेछ ।
• सुनसरी, इटहरीमा मितिः २०८२ साउन २ गते (18th July 2025) मा हुनेछ । • झापा, बिर्तामोडमा मितिः २०८२ साउन ३ गते (19th July 2025) मा हुनेछ ।
• संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ४ गते (20th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# रेमिट्यान्सलाई उत्पादनमा लगाऔं

**चालु आर्थिक वर्षको ११ महिनामै १५ खर्ब ३२ अर्ब ९३ करोड रूपैयाँ विप्रेषण (रेमिटचान्स) नेपाल भित्रिएकोमा सरकार उत्साहित छ । नहुनु पनि कसरी ? स्रोत खुम्चिँदै जाँदा र चालु खर्च उच्च हुँदा राज्य चलाउनै अप्ठेरो अवस्थामा पुगेको सरकारका लागि यो प्राणवायुजस्तै भएको देखिन्छ ।**

**नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा साउनदेखि जेठसम्म विप्रेषण आप्रवाह १५.५ प्रतिशतले बढेको देखाउँछ । यसरी हेर्दा विप्रेषण आप्रवाह प्रत्येक महिना औसतमा डेढ अर्ब रूपैयाँभन्दा माथि रहेको देखिएको छ । जेठ महिनामामात्रै एक खर्ब ७६ अर्ब ३२ करोड रूपैयाँ भित्रिएको राष्ट्र बैंकले जनाएको छ । त्यस्तै अमेरिकी डलरमा विप्रेषण आप्रवाह १२.७ प्रतिशतले वृद्धि भई ११ अर्ब २५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १७.३ प्रतिशतले बढेको थियो । यस अवधिमा विदेशी विनिमय सञ्चिति १८ अर्ब ६५ करोड अमेरिकी डलर पुगेको छ ।**

**यी दुई विषयलाई देखाउँदै सरकार आर्थिक स्थिति सुध्रेको दाबी गरेर रमाइरहेको हो । तर रेमिटचान्स अर्थतन्त्रको सिक्काको एउटा सानो पाटोमात्र हो । अब हेरौं अर्को पाटो व्यापार घाटाको । समीक्षा अवधिमा वस्तु व्यापार घाटा ६.३ प्रतिशतले बढेर १३ खर्ब ९७ अर्ब रूपैयाँ पुगेको छ । नेपालमा भित्रिने रेमिटचान्स रकमभन्दा आयात बढी भएको देखाउँछ, पछिल्लो ११ महिना । कूल १६ खर्ब ४४ अर्ब ८० करोड रूपैयाँबराबरको आयातलाई धान्न रेमिटचान्सले पनि नसक्ने देखिन्छ । जबकि नेपाली उत्पादन निर्यात दुई खर्ब ४७ अर्ब रूपैयाँमा सीमित भएको छ । जसले व्यापार घाटा उच्च कायम भएको छ ।**

**अर्थतन्त्रको एउटा खम्बाको रूपमा हेरिएको रेमिटचान्स भित्रिएपछि यसको उपयोग केमा हुन्छ ? यो रकम सदुपयोगमा सरकारले कुनै योजना बनाएको देखिन्न । खाडी मुलुकबाट आएको रेमिटचान्स युरोप, अमेरिकी देशमा शिक्षा तथा भ्रमणका लागि खर्च हुने देखिन्छ । यस्ता खर्चलाई रोक्ने कुनै तयारी सरकारसँग छैन । यसैगरी भित्रिएको रेमिटचान्सलाई आत्मनिर्भर बन्नेगरी कुनै उद्योगमा लगानी गर्ने नीति पनि सरकारसँग छैन । रेमिटचान्सले अहिले अर्थतन्त्रलाई टेको दिने काम गरेको छ । तर, यो सबल अर्थतन्त्र निर्माणका लागि दिगो स्रोत मानिँदैन । रेमिटचान्समै भर पर्ने नीति राम्रो होइन । बरु, मुलुकभित्रै उत्पादनमूलक उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्न जरुरी छ । यसो गर्न सकिएमात्रै मुलुकको अर्थतन्त्र दिगो र सबल बन्ने छ ।**

# जलवायु न्याय: नेपालको पीडा र विश्वको दायित्व



■ डा. राजु थापा

"जलवायु न्याय केवल सहानुभूतिको मुद्दा होइन, यो जिम्मेवारीको प्रश्न हो । नेपालजस्ता मुलुकले पाएको असरको न्यायोचित क्षतिपूर्ति, अनुकूलन र भविष्यको सुरक्षाका लागि नीतिगत दृढता, अन्तर्राष्ट्रिय ऐक्यबद्धता र स्थानीय समावेशी कार्यान्वयन अपरिहार्य छ । जलवायु न्याय सुनिश्चित नगरेसम्म न त विकास सम्भव छ, न नै शान्ति, समृद्धि र भविष्यको अस्तित्व ।"

जलवायु परिवर्तन विश्व मानवसभ्यताको अस्तित्वमै खतरा बन्न थालेको छ । तापक्रम वृद्धिदेखि अनियमित मौसम, मौसमजन्य प्रकोपमा वृद्धि साथै हावापानीका क्षेत्रमा व्यापक परिवर्तन भएर सभ्यता नासिने जोखिम रहेको छ । जलवायु परिवर्तनले नेपालजस्ता हिमाली तथा विकासोन्मुख देशमा अन्य क्षेत्रहरूमा जस्तै प्राकृतिक विपद्का दृष्टिले थप गहिरो संकटमा पारेको छ । गत वर्षको बाढी, पहिरो र भीषण वर्षाका कारण झण्डै २५० जनाको मृत्यु भयो र पूर्वाधारमा एक अर्ब अमेरिकी डलरभन्दा बढीको क्षति भयो । जलवायु प्रेरित प्रकोपहरूले मानव अस्तित्व र जीविकोपार्जनको जगलाई नै हल्लाइरहेको छ । जलवायु परिवर्तनका कारण बाढी र हिमताल विष्फोटले ठूलो विनास भएको छ । खडेरी डढेलोले मानवलाई अथाह पीडा दिएको छ ।

पछिल्ला वर्षमा जलवायु परिवर्तनको कारण एक वर्षमा देशको कूल गार्हस्थ उत्पादनको दुई प्रतिशतसम्म क्षति हुने गरेको अनुसन्धानले देखाएको छ । उता हिमालयका हिमनदीहरू पग्लिँदै गएका छन्, जसका कारण हिमताल विष्फोटको खतरा बढ्दै गएको छ । इसिमोडको अध्ययनअनुसार हालको दरमा ग्लेसियर पग्लिँदै गए यो शताब्दीको अन्त्यसम्ममा हिन्दकुश-हिमालय क्षेत्रका हिमनदीहरूले ८० प्रतिशतसम्म हिउँ गुमाउने छन् । त्यतिबेला प्राकृतिक विपद्का अनेक समस्याहरूबाट ठूलो जनधनको क्षति हुने छ । जलवायु परिवर्तनले मानव जीवनका आधारभूत पक्षहरूमा असर पुऱ्याइरहेको छ । जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा गिरावट आएको छ, पानीको स्रोतहरू सुक्दै गएका छन्, रोग तथा महामारीहरूका स्वरूप परिवर्तन हुँदै छ र खाद्य सुरक्षामा गम्भीर संकट देखापरेको छ ।

जलवायु परिवर्तनले सबैमा असर पार्छ, तर असरको मात्रा समान हुँदैन । गरिब, महिला, दलित, आदिवासी, बालबालिका तथा सुदूर र सीमान्तकृत समुदाय सबैभन्दा बढी प्रभावित हुने गर्दछन् । तर यस्तो अन्यायपूर्ण अवस्थाको मूल जड भने धनी राष्ट्रद्वारा अत्यधिक हरितगृह ग्यास उत्सर्जन भएको विभिन्न वैज्ञानिक प्रमाणहरू छन् । सन् १९९० देखि २०१५ को अवधिमा विश्वका सबैभन्दा धनी एक प्रतिशत जनसंख्याले सबैभन्दा गरिब ५० प्रतिशत जनसंख्याको भन्दा दोब्बर बढी कार्बन उत्सर्जन गर्ने गरेको अध्ययनले देखाएको छ । एउटा अमेरिकी नागरिकले एक वर्षमा औसतमा १६ टन कार्बनडाइअक्साइड उत्सर्जन गर्छ, जुन एक जना नेपालीको उत्सर्जनभन्दा ५६ गुणा बढी हो । हाल विश्वको कूल हरितगृह ग्यास उत्सर्जनमा नेपालको हिस्सा मात्र ०.०२५ प्रतिशत रहेको छ । जलवायु परिवर्तनका प्रमुख कारण बन्ने हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान नगण्य छ । ता पनि यसका प्रतिकूल प्रभावहरूको चपेटामा नेपाल पर्दै छ ।

सन् १८५० यता उत्सर्जित कार्बनमा अमेरिकाको हिस्सामात्रै २० प्रतिशत रहेको छ, जबकि विश्वमा अमेरिकाको जनसंख्या हिस्सा चार प्रतिशतमात्र छ । यी तथ्यहरूले जलवायु संकटमा धनी मुलुकहरूको ऐतिहासिक भूमिका स्पष्ट पार्दछ । यति हुँदा पनि अनुकूलन र न्यूनीकरणका लागि विकसित राष्ट्रले दिएको सहायता न्यून, अनियमित र प्रक्रियागतरूपमा जटिल रहेको छ । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन, कोपमा पटक-पटक गरिएका प्रतिबद्धताहरू व्यवहारमा रूपान्तरण हुन सकेका छैनन् । क्योटो प्रोटोकलदेखि पेरिस सम्झौता हुँदै हालैको कोप-२८ सम्म धनी राष्ट्रहरूले जलवायु वित्तका नाममा दिने भनेर प्रतिबद्धता जनाए पनि ती प्रत्यक्ष रूपमा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् ।

एक्सन एडको एक अध्ययन प्रतिवेदनका अनुसार सन् १९९२ यता धनी मुलुकले विश्वको वायुमण्डलीय साधनको अत्यधिक उपयोग गरेर ७० प्रतिशतसम्म आर्थिक फाइदा लिएका छन् । यस सन्दर्भमा जी-ट्वान्टी राष्ट्रहरूले सन् १९५९ देखि २०१८ सम्मको अवधिमा लगभग ५९ ट्रिलियन अमेरिकी डलर बराबरको जलवायु ऋण सञ्चित गरेका छन् र यो ऋण २०१९ देखि २०३५ सम्मको अवधिमा थप ८० ट्रिलियन डलरले बढ्ने प्रक्षेपण गरिएको छ ।

यसै सन्दर्भमा नेपालले पनि अन्तर्राष्ट्रियस्तरमा आफ्नो आवाज उठाउन थालेको छ । जलवायु परिवर्तनको असरहरूका कारणले पर्वतीय क्षेत्रहरूको पारिस्थितिकीय प्रणाली, जनजीवन र जैविक विविधतामा परिरहेको नकरात्मक असरका बारेमा नेपालले सन् २००९ देखि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनलगायत अन्तर्राष्ट्रिय मञ्चमा नेपालले निरन्तर आवाज उठाउँदै आइरहेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले कोप-२९ मा हिमाली राष्ट्रहरूको साझा आवाजको नेतृत्व गर्दै विकसित राष्ट्रले ऐतिहासिक जिम्मेवारी स्वीकार गर्नुपर्ने र हानि तथा क्षतिपूर्तिका लागि 'लस एण्ड डचामेज कोष' प्रभावकारीरूपमा सञ्चालन गर्नुपर्ने माग गरेका छन् । वास्तवमा यो केवल पर्यावरणीय वा भौगोलिक विषयमात्र होइन, यो मानवअधिकार, सामाजिक समावेशीता र भविष्यको पुस्ताको अस्तित्वसँग सम्बन्धित विषय पनि हो । जलवायु न्यायको मूल मर्म भनेको जलवायु परिवर्तनबाट सिर्जित असरको बोझमा समानुपातिक उत्तरदायित्वको सिद्धान्त स्थापना गर्नु हो । जसले धेरै कार्बन उत्सर्जन गरेका छन् उनीहरूले नै बढी क्षति भोगिरहेका मुलुकका लागि बढी योगदान दिनुपर्छ ।

नेपालजस्ता मुलुकको चुनौती भनेको आर्थिकरूपमा कमजोर भएसँगै जलवायु परिवर्तनको असर सामना गर्न आवश्यक वित्तीय, प्राविधिक तथा नीतिगत साधनको अभाव हुनु हो । सन् २०११ देखि २०२१ को अवधिमा नेपालले कूल ५.७१ अर्ब अमेरिकी डलरबराबरको जलवायु वित्त प्राप्त गरेको छ । सो कूल रकममध्ये लगभग ७० प्रतिशत बहुपक्षीय स्रोतबाट प्राप्त भएको रकम हो तर यो रकम आफैंमा पर्याप्त छैन । जलवायु न्याय सुनिश्चित गर्न नेपालको आवश्यकताअनुसार न्यायोचित र पारदर्शीरूपमा अनुदान वृद्धि, सस्तो ऋणको व्यवस्थापन, प्रविधि हस्तान्तरण र सामुदायिकस्तरमा आधारित योजनाहरू प्राथमिकतामा पर्नुपर्छ ।

विशेषगरी हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरको विषयमा विश्वसमुदायको ध्यानाकर्षण गराउने लक्ष्यका साथ गत जेठमा विश्वकै उच्च शिखर सगरमाथाका नामबाट 'सगरमाथा संवाद' सम्पन्न भएको छ । उक्त संवादमा हिमालमा जलवायु परिवर्तनले परिरहेको असर, पर्वतीय क्षेत्रका बासिन्दाले भोगिरहेका जलवायुजन्य संकटले निम्त्याएको समस्या प्रस्तुत गरी विश्व समुदायको ध्यानाकर्षण गराउने काम भएको छ । जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेका असरका विषयमा सबैको साझा धारणा बनाउने लक्ष्यका साथ आयोजना गरिएको यस संवादबाट जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्नका लागि पनि पहल गर्न जलवायुका असरसँग जुध्नसक्ने क्षमता बढाउनेगरी रणनीतिसहित घोषणापत्र जारी भएको छ ।

नेपालले पनि जलवायु अनुकूलनका कार्यक्रम अब थप विलम्ब नगरी योजना आयोगबाट होइन, स्थानीय तहबाट सुरु गर्नुपर्दछ । निर्णय प्रक्रियामा महिला, जनजाति, दलित, युवा र गरिब समुदायको समावेशी सहभागिता सुनिश्चित गर्नुपर्दछ । जलवायु शिक्षालाई विद्यालयदेखि विश्वविद्यालय तहसम्म पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ र सबै सार्वजनिक परियोजनामा जलवायु प्रभाव मूल्यांकन अनिवार्य गर्न आवश्यक छ ।

यसैगरी सबै नागरिकको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । वृक्षरोपण, ऊर्जा बचत, वैकल्पिक ऊर्जा प्रयोग, प्लास्टिकको प्रयोग घटाउने, सार्वजनिक सवारी प्रयोग र वातावरणमैत्री जीवनशैली अपनाएर जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सकिन्छ ।

अन्त्यमा, जलवायु न्याय केवल सहानुभूतिको मुद्दा होइन, यो जिम्मेवारीको प्रश्न हो । नेपालजस्ता मुलुकले पाएको असरको न्यायोचित क्षतिपूर्ति, अनुकूलन र भविष्यको सुरक्षाका लागि नीतिगत दृढता, अन्तर्राष्ट्रिय ऐक्यबद्धता र स्थानीय समावेशी कार्यान्वयन अपरिहार्य छ । जलवायु न्याय सुनिश्चित नगरेसम्म न त विकास सम्भव छ, न नै शान्ति, समृद्धि र भविष्यको अस्तित्व । *रासस*

***(लेखक पिपिनेट नेपालका अध्यक्ष तथा विपद् व्यवस्थापनका क्षेत्रका अभियन्ता हुन्)***

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किँदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# बाढीबाट बचौं र बचाऔं



■ विविशा पौडेल

"बाढी एक प्राकृतिक प्रकोप हो जसलाई रोक्न त सकिँदैन, तर यसको जोखिम घटाउन सकिन्छ । सजग नागरिकको हैसियतले हामीले पूर्वतयारी, सावधानी र समन्वयात्मक प्रयासमार्फत बाढीको असर कम गर्न सक्छौं । सरकार, समाज, समुदाय र व्यक्तिले आ-आफ्नो ठाउँबाट सजग भई भूमिका निर्वाह गर्न सकेमा बाढीको विनासकारी प्रभाव घटाई जनजीवनलाई सुरक्षित बनाउन सकिन्छ ।"

नेपाल प्राकृतिक सुन्दरता र विविधताले भरिएको देश हो, तर यही भूगोल कहिलेकाहीँ विनासकारी प्राकृतिक प्रकोपको स्रोत पनि बन्न सक्छ । त्यसैमध्ये पनि वर्षायाम सुरु भएसँगै बाढी एक प्रमुख प्रकोप बनेर आउने गर्दछ, जसले प्रत्येक वर्ष सयौंको ज्यान लिन्छ, हजारौंलाई विस्थापित बनाउँछ र करोडौंको क्षति पुऱ्याउँछ । विशेषगरी वर्षायामको समयमा नेपालका नदीनालाहरूमा पानीको बहाव अत्यधिक बढ्छ, जसले गर्दा बस्ती, खेतबारी, सडक र संरचनामा विनास निम्त्याउँछ । यस्तो स्थितिमा हामी सबैले सजग र सचेत भएर बाढीबाट आफू र समाजलाई बचाउने उपायहरू अवलम्बन गर्नु अत्यन्त आवश्यक छ ।

बाढी आउने मुख्य कारणहरूमा अत्यधिक वर्षा नै हो । एकै पटकमा अत्यधिक पानी परेमा नदीहरू भरिन्छन् र तटीय क्षेत्र डुबानमा पर्छन् । साथै जंगलको कटानीले जंगल विनास भई माटोको अवशोषण क्षमता घटाउँछ, जसले गर्दा सतहमा बहाव बढ्छ । अवैज्ञानिक निर्माण कार्यहरू गर्दा नदी किनारमा घर, बाटो, पुल आदिको अनियन्त्रित निर्माणले बहावको दिशा परिवर्तन गर्छ र बाढी निम्त्याउँछ । त्यसैगरी सहर र गाउँमा निकास प्रणाली राम्रो नहुँदा सामान्य वर्षामा पनि डुबान हुन्छ । विश्वव्यापी तापमान वृद्धि (ग्लोबल वार्मिङ) र जलवायु परिवर्तनका कारणले असामान्य मौसमी अवस्था उत्पन्न भइरहेको छ, जसले पछिल्लो समय बाढीको जोखिम बढाएको देखिन्छ ।

बाढीको असर केवल भौतिक क्षतिमा सीमित हुँदैन, यसले दीर्घकालीनरूपमा सामाजिक, आर्थिक क्षेत्रमा गम्भीर असर पारेको हुन्छ । प्रायः मानिसको ज्यान र जनावरको मृत्यु हुने तथा घर र सम्पत्ति नष्ट, खेतीयोग्य जमिन बगाउँदा खाद्यसुरक्षामा संकट परेको पाइन्छ । साथै, स्वास्थ्यमा असर तथा महामारी, पानीजन्य रोगहरू फैलिने, बालबालिकाको शिक्षा अवरुद्ध हुने र विपन्न वर्ग अझ विपन्न बन्ने अवस्था सिर्जना भएको हुने गर्दछ ।

बाढीबाट बच्न सामूहिक र व्यक्तिगत सतर्कता अत्यन्तै आवश्यक छ । पूर्वतयारी योजना बनाई बाढी जोखिममा पर्ने क्षेत्र पहिचान गर्नुपर्छ । साथै, परिवारका लागि आपत्कालीन योजना बनाउने र कहाँ जाने, कसरी सम्पर्क गर्ने भन्ने बारेमा ध्यान राख्नुपर्दछ । त्यस्तै टर्च, ब्याट्री, औषधि, खाजाको जोहो गर्नुपर्छ । सरकारी चेतावनीलाई नियमित रूपमा सुन्ने बानी बसाल्नुपर्छ । आवश्यक कागजातमा जन्म प्रमाणपत्र, नागरिकता आदि सुरक्षित र जलरोधक झोलामा राख्नुपर्छ ।

बाढीको समयमा सुरक्षित स्थानतर्फ सर्ने, जहाँ पहिल्यै चुनिएको अस्थायी आश्रयस्थलमा जाने र त्यो समयमा विद्युत् उपकरणहरू बन्द गर्ने र नदी, खोलाको नजिक नगई आफू र परिवारलाई सुरक्षित स्थानमा राख्नुपर्छ । हतार र हल्लामा नलागी सरकारी सूचनालाई आधार मानेर काम गर्नुपर्छ ।

बाढीपछिको अवस्थामा खुला ठाउँको पानी पिउनुअघि उमाल्ने वा शुद्ध पारेरमात्र पिउने, विद्युतीय पोल वा तारहरूबाट टाढा रहनुपर्छ । साथै, घर फर्कंदा संरचनाको अवस्था जाँच गरेरमात्रै घरभित्र पस्नुपर्छ । यदि तत्काल केही समस्या भएमा सरकारी निकाय, सुरक्षाकर्मी वा स्वयंसेवी संस्थासँग समन्वय गरेर सहयोग लिनुपर्छ । बाढीबाट बच्न केवल व्यक्तिगत चेतनाले पुग्दैन, यसका लागि समुदायको समूहगत प्रयास आवश्यक पर्छ । जस्तैः जोखिमयुक्त ठाउँमा घर बनाउन रोक लगाउने, सामुदायिक सतर्कता समूह गठन गर्ने र स्थानीय तहसँग मिलेर नदीको दायाँबायाँ तटबन्ध निर्माणमा दबाब दिन आवश्यक छ ।

जंगल संरक्षणमा सक्रिय हुन सामूहिक चेतना फैलाउन स्कुल, टोल र मन्दिरहरूमा कार्यक्रम आयोजना गर्नु आवश्यक छ । त्यसैगरी बाढी व्यवस्थापनमा राज्यको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । बाढी पूर्वानुमान प्रणाली मजबुत बनाई प्रभावित क्षेत्रको नक्सांकन गरी जोखिम क्षेत्र खाली गराउने नीति अवलम्बन गर्नुपर्छ । तटबन्ध, ड्याम र निकास प्रणाली निर्माण तथा राहत र उद्धार कार्यको तीव्रता र प्रभावकारिता बढाउने दीर्घकालीन नीतिअन्तर्गत बाढी न्यूनीकरण र जलवायु अनुकूलन रणनीति लागू गर्न आवश्यक छ ।

बाढी एक प्राकृतिक प्रकोप हो जसलाई रोक्न त सकिँदैन, तर यसको जोखिम घटाउन सकिन्छ । सजग नागरिकको हैसियतले हामीले पूर्वतयारी, सावधानी र समन्वयात्मक प्रयासमार्फत बाढीको असर कम गर्न सक्छौं । सरकार, समाज, समुदाय र व्यक्तिले आ-आफ्नो ठाउँबाट सजग भई भूमिका निर्वाह गर्न सकेमा बाढीको विनासकारी प्रभाव घटाई जनजीवनलाई सुरक्षित बनाउन सकिन्छ । यसका लागि बाढीबाट बच्ने संकल्प गरी सजग भएर सुरक्षित स्थानमा बस्नु आवश्यक छ । बाढीबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।



**सकुशल उद्धार** | कैलालीको गोदावरी नगरपालिका-४ स्थित गोदावरी नदीको बीचमा फसेका छ जनालाई बुधबार उद्धार गर्दै सुरक्षाकर्मी । श्राद्ध गर्न नदीमा गएका उनीहरूको सकुशल उद्धार गरिएको छ ।
*तस्बिर सौजन्य: सशस्त्र प्रहरी*

# फेवाताल किनारमा सीमास्तम्भ राख्नेक्रम जारी

**कास्की (प्रस)**– सर्वोच्च अदालतको आदेशानुसार पोखरास्थित फेवातालको सीमांकनका क्रममा हालसम्म ७५० सीमास्तम्भ राखिएका छन् । पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र नेपाल सरकारको संयुक्त पहलमा गत जेठ १७ गतेदेखि तालको किनारमा सीमास्तम्भ गाड्न सुरु भएकामा हालसम्म तालघरमा सो संख्यामा पिल्लर गाडिएको पोखरा महानगर प्रमुख धनराज आचार्यले जानकारी दिए । महानगरले तालको किनारमा एक हजार ५५ पिल्लर गाड्ने योजना बनाएको छ ।

महानगर प्रमुख आचार्यले सर्वोच्च अदालतको आदेशानुसार महानगरपालिकाले सम्बद्ध निकायहरूसँग आवश्यक समन्वय गरी ताल घरमा पिल्लर गाड्ने र सीमांकनको काम गरिरहेको छ । ताल घरमा सीमास्तम्भ गाड्ने कार्यमा सर्वेक्षक, प्राविधिक, नगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरी खटिएका छन् । महानगर प्रमुख आचार्यले सीमांकनको काम सम्पन्न भएपछि तालको सौन्दर्यकरण गरिने बताए । उनले भने, 'सबैको साथ र सहयोगबाट तालघरमा पिल्लर गाड्ने कामको अन्तिम चरणमा छौं । यसमा सबैको योगदान अतुलनीय रहेको छ । पोखराको गहनाका रूपमा रहेको फेवातालको संरक्षण गर्दै यसलाई सौन्दर्यकरण गर्नका लागि महानगर प्रतिबद्ध छ ।'

पछिल्लो अध्ययनअनुसार तालको क्षेत्रफल ६.३४३ वर्ग किलोमिटर (१२ हजार ४६८ रोपनी तीन पैसा तीन दाम) कायम भएको छ । फेवा तालको सीमांकका लागि अत्याधुनिक डिजिपिएस प्रविधि र ड्रोन सर्भेको प्रयोग गरिएको थियो । फेवातालको चार किल्लामा पिल्लर गाडेपछि पोखराको पर्यावरण, प्राकृतिक सम्पदा र सांस्कृतिक पहिचान जोगाउन ऐतिहासिक महत्तव राख्ने विश्वास गरिएको महानगर प्रमुख आचार्यले बताए ।

सर्वोच्चले विसं २०८० असार ४ गते फेवाताल किनारदेखि ६५ मिटरसम्मका सबै संरचना हटाउन सरकार, प्रदेश सरकार र पोखरा महानगरपालिकाको नाममा उत्प्रेषणयुक्त परमादेश जारी गरेको थियो । वर्षायामको उच्चतम पानीको बिन्दुदेखि ६५ मिटरसम्मको क्षेत्रलाई मध्यवर्ती हरियाली क्षेत्र घोषणा गरेर सबै अस्थायी र स्थायी संरचना हटाउन आदेश गरिएको थियो ।

# बैंसीसहर-चामे सडकमा राति सवारी सञ्चालनमा रोक

**लमजुङ (प्रस)**– लमजुङ र मनाङ जोड्ने बैंसीसहर-चामे सडकमा बुधबार रातिदेखि सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ ।

मंगलबार जिल्ला सुरक्षा समिति लमजुङको बैठकले बर्खायाममा यात्रा जोखिमपूर्ण रहेको निष्कर्ष निकाल्दै बुधबारदेखि साउन महिनाभर बेलुकी ७ बजेदेखि भोलिपल्ट बिहान ५ बजेसम्म सवारी सञ्चालनमा रोक लगाउने निर्णय भएको हो ।

प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेलका अनुसार सो समयमा अत्यावश्यक बाहेकका सबै सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । वर्षात्का कारण विपद्को अवस्था सिर्जना हुनसक्ने भएकाले यात्रु तथा सवारीमा क्षति हुन नदिन सुरक्षाका लागि अर्को निर्णय नभएसम्म बैंसीसहर-चामे-खाङसार (माथिल्लो मनाङ) सडकखण्डमा रातिको समयमा सार्वजनिक, निजी तथा सरकारी सवारीसाधन सञ्चालनमा रोक लगाइएको प्रशासनले जनाएको छ ।

चामे नजिकैको कोतोबाट अपराह्न साढे ४ बजेपछि बैंसीसहरका लागि सवारी छुट्न नपाइने व्यवस्था गरिएको छ । ती सवारीसाधन नासो गाउँपालिका-१ स्थित तालडाँडा प्रहरी चौकीबाट बेलुकी साढे ६ बजेभन्दा अघिसम्म छुटिसक्नुपर्ने छ । कूल ६५ किलोमिटर रहेको यस सडकमध्ये ३५ किलोमिटर लमजुङ र ३० किलोमिटर सडक मनाङमा पर्छ ।

बैंसीसहरमा रहेको तत्कालीन नेपाली सेना कार्यगणले वि.सं. २०६९ मा सडक निर्माण सम्पन्न गरेसँगै सडक डिभिजन कार्यालय दमौली तनहुँलाई हस्तान्तरण गरेको थियो ।

# सडक स्तरोन्नतिले फेरिँदै धनगढीको स्वरुप

**सुदूरपश्चिम**– पछिल्ला वर्षमा सडक पूर्वाधार स्तरोन्नति हुँदा धनगढी सहरको स्वरूप फेरिन थालेको छ । सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढीका मुख्य र शाखा सडक स्तरोन्नति पूरा हुने चरणमा छ ।

व्यवस्थित एवं आकर्षक सहरको रूपमा विकास गर्न क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत विभिन्न सडकखण्डका करिब १० किलोमिटर सडक पक्की नालीसहित स्तरोन्नति गरिएको छ । एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित यस आयोजनाअन्तर्गत सहिद गेटदेखि क्याम्पस, गुल्मदेखि चर्चसम्मको सडक, मालपोत सडक, मुख्यबजार कैलाली पुलदेखि ट्राफिक चौराहाको सडक, डिभोटी होटेलदेखि दाहाल टोलको सडक स्तरोन्नति पूरा भएको छ ।



सडकको दायाँबायाँ फुटपाथसहित सुरक्षाका लागि फलामे बार लगाइएको छ । यसै आयोजनाअन्तर्गत धनगढी उपमहागरपालिका-७ पटेला क्षेत्रमा एक अर्ब २५ करोड रूपैयाँ लागतमा एकीकृत फोहोरमैला व्यवस्थापनसम्बन्धी योजना निर्माण अघि बढेको छ ।

धनगढी उपमहानगर क्षेत्रबाहेक कैलालीको अत्तरिया र कञ्चनपुरको झलारीपिपलाडी र महेन्द्रनगर (भीमदत्तनगर) नगरपालिकामा पनि सडक स्तरोन्नति, सार्वजनिक भवन निर्माण, ढल निकास, फोहोरमैला व्यवस्थापनलगायतका काम भइरहेका छन् । संघीय सहरी विकास तथा भवन कार्यालय धनगढीमार्फत आयोजना कार्यान्वयन भइरहेको छ । पञ्चवर्षीय यो आयोजना कार्यान्वयनका लागि धनगढी उपमहानगरपालिका र सहरी विकास आयोजनाबीच सम्झौता भएको थियो । प्रदेश सरकारको बजेटबाट मुख्य बजार क्षेत्रको कैलाली पुलदेखि क्याम्पस चोकसम्मको सडक स्तरोन्नति भइरहेको छ ।

सहरी विकास मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र धनगढी उपमहानगरपालिकाको संयुक्त पहलमा विभिन्न सडकखण्डमा 'स्मार्ट स्ट्रिट लाइट,' 'हाइमास्ट लाइट,' 'फ्लड लाइट' र 'स्ट्रिपलाइट' जडान गरिएको छ । सडक बत्ती जडानसँगै 'उज्यालो धनगढी' बनेको छ ।

फूलका बोटबिरुवासहितको हरियाली, सडक दायाँबायाँ फुटपाथ निर्माण र जडान भएका रंगीविरंगी बत्तीले राति झिलिमिली हुने गरेको छ । झिलिमिली बत्तीमा साँझपख टिकटक बनाउने र तस्बिर लिनेको समूह भेटिन थालेका छन् ।

'उज्यालो धनगढी अभियान' अन्तर्गत उपमहानगरका सबै वडामा बत्ती जडान गरिने उपमहानगरपालिकाका इञ्जिनियर अशोक अवस्थीले बताए । सघन सहरी विकास कार्यक्रमअन्तर्गत बेहडी र तारानगरको सडक स्तरोन्नति भइरहेको छ भने धनगढी गाउँदेखि बेली गाउँसम्मको सडकका साथै हसनपुरको सडक स्तरोन्नतिका लागि ठेक्का आह्वान भएको छ । पार्क मोडमा 'सपिङ कम्प्लेक्स' निर्माण भइरहेको छ ।

त्यसैगरी मोहना पुलदेखि गोदावरी नगरपालिकाको अत्तरिया चोकसम्म १४.२ किलोमिटर लामो सडक स्तरोन्नति पूरा भएको छ । मोहनापुलदेखि गेटा खण्डसम्म 'छ लेन,' गेटादेखि मनोहरा पुलसम्म 'चार लेन' र मनोहरा पुलदेखि अत्तरिया चोकसम्म 'आठ लेन' सडक निर्माण एवं स्तरोन्नति पूरा भइसकेको सडक डिभिजन कार्यालयले जनाएको छ ।

'सडक स्तरोन्नति एवं निर्माण लागत एक अर्ब ७८ करोड रूपैयाँ रहेको छ,' कार्यालयका इञ्जिनियर सन्तोष चन्दले भने, 'निर्माणाधीन मनोहरा खोला र मोहना नदीमाथि पुलका लागि बजेट अभाव भएको छ ।'

सडकखण्डको बीच भागमा बनाइएको 'मिडियन'मा फूलका बोटबिरुवा रोपिएको छ । सडकका दायाँबायाँ दुई मिटर चौडा 'फुटपाथ' निर्माण गरिएको छ । वि.सं. २०७७ मा निर्माण सम्झौता भएको सडक कूल एक अर्ब ७६ करोड रूपैयाँको लागतमा निर्माण पूरा भएको हो । अयोजनाअन्तर्गत गेटा खण्डको मनहरा खोला र धनगढीको मोहना नदीमाथिको पुल निर्माणाधीन छ ।

विनायोजना सहरका रूपमा विकास हुँदै गएको धनगढीमा बर्सेनि ठूलो संख्यामा घर संरचना निर्माण भइरहेसँगै सामान्य वर्षा हुँदा जम्ने पानीको उचित निकासको व्यवस्था नहुँदा नगरवासीले डुबानको समस्या भोग्दै आएका छन् । उपमहानगर क्षेत्रमा खुटिया नदी र मोहना नदीको कटानको समस्या छ । उपमहानगरपालिकाले एक वर्षदेखि सहरी क्षेत्रमा दैनिक जम्मा हुने फोहोरमैलाको निजी क्षेत्रमार्फत व्यवस्थापन गरिरहेको छ । सहरी क्षेत्रमा विकास पूर्वाधार जुटिरहे पनि ग्रामीण क्षेत्रका कतिपय वडाका बासिन्दा अझै उचित सडक, स्वच्छ खानेपानीजस्ता आधारभूत सुविधाबाट वञ्चित छन् ।

उपलब्ध साधनस्रोतबाट उपमहानगरपालिकाकार्यालयमार्फतहुने गरेका कतिपय विकास निर्माणका काम शक्ति र पहुँचवालाको वडामा मात्रै केन्द्रित गर्ने गरिएकाले विकासको प्रतिफल पाउन नसकिएको गुनासो नगरवासीको छ । वि.सं. २०३३ मा स्थापना भएको धनगढी नगरपालिकालाई केही वर्षअघि साविकको बेलादेवीपुर, फूलबारी र उर्मा गाविसका साथै गेटा गाविसका केही वडालाई समेत समेटेर उपमहानगरपालिका बनाइएको थियो । स्थानीयवासी यज्ञराज भट्टले सडक स्तरोन्नतिसँगै बल्ने झिलिमिली बत्तीले धनगढीको स्वरूप नै फेरिएको बताए । उनले भने, 'धनगढी अब पहिलेको जस्तो कुरूप एवं फोहोर सहर रहेन ।'

धनगढीलाई सुन्दर र हराभरा सहर बनाउन उपमहानगरपालिका कार्यालयले 'हरियाली धनगढी अभियान'अन्तर्गत सार्वजनिक सडक तथा स्थानमा वृक्षरोपण गर्दै आएको छ । *रासस*

# वीरगञ्जमा खानेपानी समस्याको दीर्घकालीन समाधानमा जोड



**वीरगञ्ज (पर्सा)**– वीरगञ्ज महानगरमा लामो समयदेखि जारी खानेपानी संकटको दीर्घकालीन समाधानमा महानगरवासीले जोड दिएका छन् ।

खानेपानीको समस्या दीर्घकालीनरूपमा समाधान गर्नुभन्दा तत्कालीन रूपमा केही दिन टयांकर तथा दमकमबाट पानी वितरण गरेर नहुने उनीहरूको भनाइ छ । वीरगञ्ज महानगरले टयांकर र पर्साको सखुवाप्रसौनी गाउँपालिकाले दमकलबाट पानी ओसारेर आपूर्ति गर्न थालेपछि सर्वसाधारणले दिगो समाधानमा जोड दिएका हुन् ।

वीरगञ्ज महानगरप्रमुख राजेशमान सिंह २०७९ सालको स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुँदा पनि वीरगञ्जमा खानेपानीको समस्या समाधान गर्न लागिपर्ने घोषणा पनि गरेका थिए । उनको चुनावी सभामा पर्साका प्रतिनिधिसभाका सांसद तथा खानेपानीमन्त्री प्रदीप यादवले पनि खानेपानीको दीर्घकालीन समाधान गर्ने घोषणा गरेका थिए । उनी नगरप्रमुखमा निर्वाचित भएको तीन वर्ष बित्दा पनि समस्या यथावत् छ ।

वीरगञ्ज महानगर-१३ श्रीपुरका कैफुल मियाँ खानेपानीको संकट समाधान गर्न महानगर अग्रसर नभएकामा खिन्न छन् । 'चापाकलमा एक थोपा पनि पानी आउँदैन यस्तै हो भने हाम्रो उठिबास हुने छ,' उनले भने ।

यहाँस्थित नेपाल खानेपानी संस्थानका प्रमुख प्रवीणकुमार साहले महानगरको खानेपानी समस्या दीर्घकालीन रूपमा समाधान गर्नेतर्फ ध्यान दिन जरुरी भएको बताए । 'यहाँको खानेपानी संकट चापाकल वा बोरिङ गरेर हुँदैन,' उनले भने, 'ओभरहेड टयांकी निर्माणदेखि पाइपलाइन विस्तारसम्मका काम गर्न आवश्यक छ । खानेपानीको लाइन भएकै ठाउँमा टोलटोलमा बोरिङ गरेर पानी वितरण पनि भइरहेको छ । एकीकृतरूपमा आपूर्ति व्यवस्थित हुनुपर्छ ।'

महानगरप्रमुख सिंह मंगलबार साँझ वडा नं ११ अन्तर्गत विद्यापति नगर, श्रीपुर, रानीघाटलगायत प्रभावित टोलमा टयांकर लिएर पुगे । 'नगरवासीलाई पानीको अभावमा राखिन्न, जहाँ समस्या छ, त्यहाँ समाधानको प्रयास गर्नेछौं,' उनले भने, 'पानीको समस्या ३२ वटै वडामा रहेको छ । सबै वडामा समानरूपमा पानी पुर्‍याउने गरी संयन्त्र बनाएका छौं ।' *रासस*

# मल्लकालीन बस्तीका स्ववासीलाई लालपुर्जा वितरण

**भक्तपुर (प्रस)**– भक्तपुरको मल्लकालीन बस्तीका रूपमा रहेको चित्रपुरका स्ववासीलाई सयौं वर्षदेखि उपभोग गर्दै आइएको जग्गाको स्रेस्ता पुर्जा वितरण गरिएको छ । नापी कार्यालय भक्तपुरले सूर्यविनायक नगरपालिका-४ दधीकोट चित्रपुरका लालपुर्जाविहीन स्ववासीलाई जग्गाको स्रेस्ता अर्थात् धनीपुर्जा वितरण गरेको हो ।

जिल्ला नापी कार्यालय भक्तपुरले साविक दधीकोट गाविस-८ र ९ हालको सूर्यविनायक-४ का ९८ जना स्ववासीलाई बुधबार यहाँ आयोजित एक कार्यक्रममा सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले पुर्जा वितरण गरे । नापी कार्यालयका प्रमुख डा. प्रदीप सापकोटा, भूमि आयोग भक्तपुरका अध्यक्ष दीपक बिसुंखेलगायतले स्ववासीलाई पुर्जा वितरण गरेको नगर कार्यालयले जनाएको छ ।

नगरप्रवक्ता एवं वडा नं ७ का वडाध्यक्ष रविन्द्र सापकोटाले लामो समयदेखि प्रयोग गरिएको तर जग्गा स्रेस्ता दर्ता कायम नभएको स्ववासीलाई जग्गाको स्रेस्ता पुर्जा वितरण गरिएको बताउँदै पुर्जा पाएसँगै स्थानीयको मुहारमा मुस्कान देख्न पाइएको उल्लेख गरे ।

आफैंले उपभोग गर्दै आएको, पक्की घरसमेत निर्माण भइसकेको जग्गा आफ्नो नाममा नहुँदा सरकारले जफत गर्ने त्रास र बैंकमा धितो राखेर ऋण लिन पनि नमिल्ने अवस्था अन्त्य भएको नगर प्रवक्ता सापकोटाले बताए ।

# बागमती प्रदेशका विभिन्न अस्पतालमा डायलाइसिस मेसिन जडान

**भक्तपुर (प्रस)**– बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले भक्तपुर अस्पतालसहित प्रदेशका विभिन्न अस्पतालमा १६ वटा डायलाइसिस मेसिन (उपकरण) जडान गरेको छ ।

मिर्गौलाका बिरामीलाई डायलाइसिस सेवा लिन सरकारी अस्पतालमा चाप बढेसँगै एक पटकको दुई हजार ५०० रूपैयाँ तिरेर निजी अस्पतालमा जानुपर्ने बाध्यतालाई कम गर्न मन्त्रालयले मातहतका प्रादेशिक अस्पतालमा डायलाइसिस मेसिन जडान गरेको प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले जानकारी दिए । उनका अनुसार मन्त्रालयले भक्तपुर अस्पतालमा पाँच वटा मेसिन ल्याएर जडान गरेको छ । मन्त्रालयले धादिङ अस्पतालमा दुई, सिन्धुली अस्पतालमा दुई, त्रिशूली अस्पतालमा दुई, बकुलहर रत्ननगर अस्पतालमा दुई र हेटौंडा अस्पतालमा तीनवटा डायलाइसिस मेसिन जडान गरेको मन्त्री थापाले जानकारी दिए ।

डायलाइसिस मेसिन जडानसँगै अस्पतालले मिर्गौलाका बिरामीलाई सहजरूपमा सेवा प्रवाह गर्ने बताउँदै उनले बिरामीले नजिकको अस्पतालबाट सेवा प्राप्त गर्नसक्ने उल्लेख गरे । मन्त्री थापाले प्रादेशिक अस्पतालमा आगामी दिनमा उपकरण थप गर्दै लैजाने जानकारी दिए । भक्तपुर अस्पतालका कार्यकारी निर्देशन डा. सुरेन्द्र भट्टले उपकरण प्राप्त भएसँगै अस्पतालले तत्काल पाँच शयचाको डायलाइसिस सेवा सुरु गर्ने जानकारी दिए ।

### राजीवको 'मायामा पर्ने थिएन' सार्वजनिक

गायक राजीव सुनारको गीत 'मायामा पर्ने थिएन' सार्वजनिक भएको छ । प्रेम, पीडा, सङ्घर्ष र बिछोडको गहिरो अनुभूति बोकेको गीतका शब्द अनिल सुनारले लेखेका हुन् । गीतमा सङ्गीत तथा सङ्गीत संयोजन सास्वोत श्रेष्ठको रहेको छ । संगीतप्रतिको गहिरो लगावका कारण गीत गाउँदै आएका राजीवले गीतको भिडियो पनि बनाएका छन् । जसमा मोहन पुनमगर, सामिया कार्की र दीपेन्द्र देवको अभिनय छ । भिडियो टिकाराम विश्वकर्मा 'ठुले'ले निर्देशन गरेका हुन् ।





# सुटिङमै थानेश्वर ढलेपछि...



■ प्रभाव संवाददाता

**काठमाडौं–** संगीकार समेत रहेका गजल गायक थानेश्वर गौतम फिल्म सेटमै ढलेका छन् । फिल्म 'जनै हराएको मान्छे' को एक गीतमा सट दिँदै गर्दा उनी ढलेका हुन् । फिल्मका लागि मंगलबार राती बुढानीलकण्ठको एक ब्यांक्वेटमा 'आधा आधी सपनाहरू भइदिएन पुरा' बोलको गीत गाएर सट दिँदै गर्दा उनी ढल्न पुगेका निर्माता विमल न्यौपानेले बताए ।

'फिल्म रहेको 'आधाआधी सपनाहरू भइदिएन पुरा' गीतको प्रमोसनल भिडियो उहाँलाई राखेर बनाउन छायाङ्कन भइरहेको थियो', निर्माता न्यौपानेले भने- 'उहाँको प्रेसर लो भएको छ । तुरुन्तै सेटमा डाक्टर बोलाएर उपचार गर्दा नर्मल भयो ।' सेटमा बिहानैदेखि केही नखाएका कारण उनलाई त्यस्तो भएको हुन सक्ने निर्माताले अनुमान लगाए ।

'केही समयपछि होसमा आएपछि उहाँले फेरि छायाङ्कन गर्नुभयो' न्यौपानेले थपे । फिल्म हरितालिका तीजको छेको पारेर आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्ममा विजय बराल, केकी अधिकारी, मिरुना मगर, गौरव पहाडी, सुशांक मैनाली, भोलाराज सापकोटा, आरुस भुसाल, रियर राई, भावना खपांगी मगर, रूपेश लामा, सुमन थापा लगायतको अभिनय रहेको छ ।

हिमाल न्यौपाने निर्देशक रहेको फिल्म पेपरक्लिपको ब्यानरमा निर्माण भएको हो । फिल्मका निर्माताहरू कमल न्यौपाने र विमल न्यौपाने रहेका छन् । कार्यकारी निर्मातामा नारायण तिमल्सेना, चूडामणि शिवाकोटी, आरके मानन्धर, सीआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन रहेका छन् । नवीन गुरुङको डीओपी र कृष्ण परियारको सिने मेटोग्राफी रहेको फिल्ममा भानुभक्त ढकालको लेखन छ ।

# मण्डलामा 'चन्द्रलाई कसले माऱ्यो ?'

■ प्रभाव संवाददाता

**काठमाडौं–** थापागाउँस्थित मण्डला थिएटरले आज (२५ गते)बाट नाटक 'चन्द्रलाई कस्ले माऱ्यो ?' मञ्चन गर्ने भएको छ । थियटरले सामाजिक संजालमा एक पोष्टर सार्वजनिक गर्दै नाटकको जानकारी दिएको हो ।

भावना उप्रेती, सीतादेवी तिमल्सेना, मिलन कार्की, मौसम खड्का, तेन्जु योञ्जन, पृतिशा अधिकारी र किरण चापागाईंको अभिनय रहने नाटकको परिकल्पनाकार, लेखक तथा निर्देशक सन्दीप श्रेष्ठ रहेका छन् । नाटकमा निर्देशक श्रेष्ठको पनि अभिनय देख्न सकिन्छ ।

नाटकमा प्रयोग गरिने गीत निर्देशक श्रेष्ठ र किरण चापागाईंले लेखेका छन् । गीतमा मनिष विश्वकर्मा र बिजन बस्नेतको रहेको छ । हरपल संघर्ष गरिरहेका मानिसहरूकै कथा उठाएको नाटकले मानिसले आफूलाई खोज्ने यात्रामा सम्भावनाहरू ओझेलमा परिरहँदा के-कस्तो पीडा भोग्नुपर्छ भनेर देखाउने बताइन्छ ।




आगामी साउन १८ गतेसम्म मञ्चन हुने नाटक सोमबारबाहेक साताको प्रत्येक दिन साँझ ५:३० बजे र शनिबार दिउँसो १:३० बजे अतिरिक्त सो पनि हुनेछ । नाटकका सह-निर्देशक रोहित थापा हुन् भने स्टेज म्यानेजरको रूपमा विशाल केसी रहेका छन् ।

# सिसन र दुर्गेशले ल्याए 'जाने भए जाम माया'

■ प्रभाव संवाददाता

**काठमाडौं –** दुर्गेश थापाले झ्लगर सिसन बानियाँ र गुराँस नानीसँगको सहकार्यमा तयार पारेको गीत 'जाने भए जाम माया' युट्युबमा सार्वजनिक गरेका छन् ।

सामाजिक सञ्जालमा चर्चामा रहेकी गुराँस नानीलाई फिचर्ड गर्दै तयार पारिएको यो गीत डान्सिङ ट्र्याक शैलीमा तयार पारिएको छ । दुर्गेशले आफ्नो युट्युब च्यानलबाट सार्वजनिक गरेको यो गीत युट्युबको संगीत खण्डतर्फको तेस्रो स्थानमा छ ।

यो गीतको शब्द, संगीत र संगीत संयोजन दुर्गेश स्वयंको हो । स्वरमा पनि दुर्गेश र सिसनले सहकार्य गरेका छन् । साथमा अल्हाजी गेरोले समेत यसमा स्वर दिएका छन् ।

भिडियोमा दुर्गेश, सिसन र गुँरास नानीसँगै अन्य कलाकारहरू पनि देखिएका छन् । शिव विकको नृत्य निर्देशन रहेको गीतमा हरि हुमागाईंको छायांकन र मिलन विश्वकर्माको सम्पादन छ ।

# 'भाइटीका'को शीर्ष भूमिकामा रेखा

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोहित अधिकारीको आगामी फिल्म 'भाइटीका'को शीर्ष भूमिकामा अभिनेत्री रेखा थापा अनुबन्धित भएकी छन् । निकट स्रोतका अनुसार निर्माता र रेखाबीच बुधबार लिखित सम्झौता भएको छ ।

यसअघि यो फिल्मको शीर्षमध्येको भूमिकामा अभिनेता विपिन कार्की पनि अनुबन्धित भैसकेका छन् । दाजुबहिनीको मर्मस्पर्शी कथावस्तुमा निर्माण हुन लागेको यो फिल्ममा रेखाले विपिनकी बहिनीको भूमिकामा अभिनय गर्ने जनाइएको छ ।

रेखा पछिल्लोपटक लिड रोलमा आफ्नो होमप्रोडक्सन फिल्म 'उपहार'मा देखिएकी थिइन् भने यसैमहिनाको उनको शीर्ष अभिनय रहेको नाटक 'मीरा' मञ्चन भैसकेको छ ।

फिल्म 'भाइटीका'मा रेखाले विपिनकी बहिनीको भूमिकामा अभिनय गर्ने भएपछि यो चरित्रमा रूपान्तरणका लागि उनले आफूलाई सोहीअनुसार तयार गर्नुपर्ने हुन्छ । २० वर्षदेखि दाजु र बहिनीले तिहारमा भाइटीका लगाउन नपाउँदाको मर्मस्पर्शी कथामा फिल्म बन्नेछ ।

दीपक वलीले निर्देशन गर्ने यो फिल्मको पटकथा महेश दवाडीको हुनेछ । २०८२ सालमा छायांकन हुने फिल्मको प्रदर्शन २०८३ सालको तिहार छेकोमा हुने अपेक्षा छ ।

निर्माता अधिकारीको पछिल्लो फिल्म 'माइतीघर' दशैंको फूलपातीमा प्रदर्शन तयारीमा छ ।



# प्रधानमन्त्रीबाट अन्तर्राष्ट्रिय पदक विजेता खेलकर्मी पुरस्कृत



■ प्रभाव संवाददाता

**काठमाडौं –** प्रधानमन्त्री केपी शर्मा ओलीले विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त खेलाडी र सम्बद्ध प्रशिक्षक तथा व्यवस्थापकलाई बुधबार सम्मान र पुरस्कार प्रदान गरेका छन् ।

प्रधानमन्त्री निवास, बालुवाटारमा युवा तथा खेककुद मन्त्रालयद्वारा आयोजित कार्यक्रममा गत कात्तिक ७ देखि १२ गतेसम्म जापन उसु ताइजी महासंघको आयोजनामा जापानमा भएको तेस्रो थाउलो वर्ल्डकपमा कास्य पदक विजेता विजय सिँजालीलाई प्रधानमन्त्री ओलीले नगद रु ६५ लाख पुरस्कारसहित प्रमाणपत्र प्रदान गरे ।

यस्तै, गत फागुन २० देखि २५ गतेसम्म इरानमा भएको छैटौं एसियन कबड्डी च्याम्पियन (महिला) तर्फ कास्य पदक विजेता मनमती विष्टसहितलाई रु एक लाख ५० हजारका दरले पुरस्कार प्रदान गरे ।

सोही अवसरमा असोज २० देखि २६ गतेसम्म श्रीलंका भलिबल संघको आयोजनामा श्रीलंकामा भएको 'काभा यु-२०' पुरुष भलिबल च्याम्पियनसिपमा रजत पदक विजेता अर्जुन नेपालीसहितलाई रु तीन लाखका दरले पुरस्कार दिइएको छ । उनीहरूलाई राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को व्यवस्थाबमोजिम यही असार ९ गतेको मन्त्रिपरिषद्को बैठकको निर्णयबाट सम्मान तथा नगद पुरस्कार प्रदान गरिएको हो ।

साथै, यही असार ८ देखि २१ गतेसम्म मलेसियामा भएको 'एसिसी यु-१६ इस्ट जोन कप' क्रिकेट प्रतियोगितामा सिंगापुरलाई हराएर उपाधि जित्न सफल विपिनप्रसाद शर्मासहितको टोलीलाई प्रधानमन्त्री ओलीले बधाई तथा स्वागत गरे ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले खेल क्षेत्रको विकासका लागि उच्च प्राथमिकता दिएको बताउँदै लगनशील भई व्यावसायिक हिसावले समर्पणभावका खेलजगतमा रमाउनसके सफलता प्राप्त हुने विश्वास व्यक्त गरे ।

'हामीले संगठित रूपले खेल क्षेत्रलाई अगाडि बढाएको धेरै भएको छैन । अहिले सरकारले खेलको विकासका लागि उच्च ध्यान दिएको छ भने अब खेलाडी व्यावसायिक रूपमा अगाडि बढेका छन्', प्रधानमन्त्री ओलीले भने, 'म देशको परिचय र प्रतिष्ठालाई माथि उठाउन योगदान दिने खेलाडी, प्रशिक्षक लगायतलाई धेरै धेरै धन्यवाद र बधाई दिन्छु ।'

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले सरकारले आगामी आर्थिक वर्षका लागि यस वर्षकोभन्दा करिब दोब्बर बजेट विनियोजन गरेको र कीर्तिपुरमा निर्माण भइरहेको क्रिकेट खेल मैदानको काम करिब अन्तिम चरणमा पुगेसँगै मुलुकको खेलकुद क्षेत्र उत्साहित भएको बताए ।

# साम्बासहित १० फुटबलरलाई सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं –** द इन्साइट भिजन सेकेन्डरी स्कुल र राजधानी क्याम्पसले एएफसी वुमेन्स एसियन कप छनोटमा उत्कृष्ट प्रदर्शन गरेकी कप्तान सावित्रा भण्डारीसहित १० फुटबलरलाई वुधबार सम्मान गरेको छ । साथै, उनीहरूलाई १८ लाख रूपैयाँ बढीको पूर्ण छात्रवृत्ति पनि दिएको छ ।

धुम्बाराहिस्थित स्कुलमा आयोजित कार्यक्रममा कप्तान सावित्रा, अनिता बस्नेत, रेखा पौडेल, सविता रानामगर, पूजा रानासहित राष्ट्रिय टिमकी पूर्वकप्तान अनु लामा, हिराकुमारी भुजेल, युवा खेलाडीहरू सावित्री किसान, कुसुम खतिवडा र सुनकला राईलाई १० हजार रुपियासहित सम्मान गरेको हो ।

उनीहरूलाई कार्यक्रमका प्रमुख अथिति दिनेश महर्जन, स्कुलका संस्थापक प्रधानाध्यापक भीमकुमार श्रेष्ठ, अखिल नेपाल फुटबल संघ (एन्फा) का सहायक महासचिव दामोदर (बद्री) भट्टराईले नगदसहित सम्मानपत्र प्रदान गरेका थिए ।



महिला फुटबलमा लगानी बृद्धि गर्नुपर्ने उल्लेख गर्दै प्रमुख अथिति रहेका काठमाडौं महानगरपालिका वडा नं.४ का वडाध्यक्ष दिनेश महर्जनले भने, 'महिला टिमले थोरै लगानीमै देशको लागि उत्कृष्ट प्रदर्शन गरेका छन् । त्यसैले उनीहरू हाम्रो समाजका हिरो हुन् । हामीले खेलाडीलार्य उत्साहित बनाउनका लागि खेलकुदमा थप लगानी गर्नु आवश्यक छ ।'

द इन्साइट भिजन स्कुलका संस्थापक प्रधानाध्यापक भीमकुमार श्रेष्ठले भने, 'हाम्रा खेलाडीहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्दै देशको प्रतीष्ठा बढाएका छन् । हामीले संभावना देखेरै उनीहरूलाई औपचारिक शिक्षामा पनि सहज तवरले अगाडि बढ्न सकोस् भनेर चार वर्षयता महिला फुटबलमा धेरैलाई छात्रवृत्ति दिएका छौं । अहिले साम्बासहित १० जनाले पूर्ण छात्रवृत्रिमा बीबीएस अध्ययन गरिरहेका छन् । यसरी नै हामी खेलाडीहरूको हौसला बढाउँदै जानेछौं ।'

'शिक्षा हामी सबैका लागि महत्वपूर्ण हुन्छ,' सम्मानपछि कप्तान सावित्राले भनिन्, 'सबैले आ-आफ्ना क्षेत्रमा मिहिनेत गर्नुपर्छ । फुटबलसँगै औपचारिक शिक्षालाई अगाडि बढाउने अवसर दिएर इन्साइट भिजनले हामीलाई यहाँ उभिने अवसर दिएको छ । यसको लागि इन्साइट भिजन तथा राजधानी क्याम्पसलाई धेरै-धेरै धन्यवाद ।'

एउटै व्यवस्थापनमा सञ्चालित द इन्साइट भिजन सेकेन्डरी स्कुल र राजधानी क्याम्पसमा पुरुषको राष्ट्रिय टिम तथा उमेर समूहका १४ जना फुटबलर पनि छात्रवृत्तिमा अध्ययन गरिरहेका छन् ।

अन्तर्राष्ट्रिय फुटबलमा सर्बाधिक गोलकर्ता नेपाली सावित्रासहित पूजा, अनिता, रेखा र सविताले एसियन कप छनोट खेलेका थिए । तास्कन्दमा भएको छनोटमा नेपाल घरेलु टिम उज्वेकिस्तानविरुद्ध टाइब्रेकरमा पराजित हुँदै अर्को वर्ष अस्ट्रेलियामा हुने एसियन कपमा स्थान बनाउन असफल भएको थियो । तर, टिमको प्रदर्शन उत्कृष्ट रह्यो । नेपालले सुरुका दुई खेलमा लाओसलाई ९-० र श्रीलंकालाई ८-० ले हराएको थियो । उज्वेकिस्तानविरुद्ध ३-३ को बराबरी भएपछि छनोटको लागि निर्णायक खेल टाइब्रेकरमा पुगेको थियो ।

# टेबलटेनिसको लेभल वान कोचिङ कोर्ष सुरु

**काठमाडौं (प्रस)–** अखिल नेपाल टेबलटेनिस संघको आयोजनामा लेभल वान कोचिङ कोर्ष बुधबारदेखि लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा सुरु भएको छ ।

अन्तर्राष्ट्रिय टेबलटेनिस महासंघ (आईटीटीएफ) को वार्षिक क्यालेन्डर अनुसार भएको कोर्षमा पारासहित नेपालका २८ र भारतका २ गरी ३० प्रशिक्षार्थीको सहभागिता रहेको आयोजक संघका महासचिव कुबेरप्रकाश सिंहले जनाएका छन् । महासचिव कुबेरका अनुसार सातै प्रदेशको सहभागिता रहने गरी प्रशिक्षार्थी समावेश गरिएको छ ।

नेपालबाट संयोग कपाली, विपुल महर्जन, रितिज जोशी, कृष्ण थापा मगर, आशिप अवाले, रिजन गोथे, सुजन गडाल, दिवस जेठारा, राहुल शाह, रोशन श्रेष्ठ, अजय श्रेष्ठ, दीपक गिरी, नारायण घिमिरे, कपिल थापा मगर, रोशन अधिकारी, विवेक राई, दिपेश राना, सिखा सुवाल श्रेष्ठ, वियन्का राई, इभाना थापा, आश्मा पहाडी, नविता श्रेष्ठ, रविना देसार, रायकोशी शाही, अन्जु सुवाल, सोनिका ढकाल, एश्वस्वी अवाल र अजय विक सहभागी छन् ।

भारतबाट निथिन हरिदास सुदर्शाने भेलायोदमले भाग लिएको संघका कोषाध्यक्ष ज्याकी महर्जनले जनाएका छन् । कोर्ष आईटीटीएफका डेभलोप्मेन्ट प्रोग्राम म्यानेजर बेन होज माब्रुक रामजीले सञ्चालन गर्ने छन् ।

कोर्षको राष्ट्रिय खेलकुद परिषद्का सदस्य जगतसिंह धामीले एक कार्यक्रमबीच उद्घाटन गरे । सो अवसरमा आयोजक संघका अध्यक्ष वृजेन्द्रबहादुर हमालगायतको उपस्थिति रहेको थियो । कोर्ष असार २९ गतेसम्म सञ्चालन हुनेछ ।




भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निजीकरण योजना र आर्थिक सुधारको विरोधमा राष्ट्रव्यापी हडतालमा उत्रिएका विभिन्न ट्रेड युनियनका सदस्यहरू नयाँदिल्लीमा नाराबाजी गर्दै । *तस्बिरः एपी*

# तथ्यांक, एआईको लगानीले भौतिक सम्पत्तिमा भएको लगानीलाई उछिन्यो : राष्ट्रसंघ

**जेनेभा–** सफ्टवेयर, तथ्यांक र आर्टिफिसियल इण्टेलिजेन्स (एआई) जस्ता अमूर्त वस्तुमा भएको लगानीमा भएको वृद्धिका कारण गत वर्ष भौतिक सम्पत्तिमा भएको लगानीलाई उछिनेको संयुक्त राष्ट्रसंघले बुधबार जनाएको छ ।

राष्ट्रसंघको विश्व बौद्धिक सम्पत्ति संगठन (डब्ल्युआइपिओ) ले पछिल्लो एक प्रतिवेदनमा भनेको छ, 'उच्च ब्याजदर र कमजोर आर्थिक पुनरुत्थानका कारण प्रभावित भएका मेसिनरी र भवनजस्ता भौतिक वस्तुमा गरिएको लगानीको तुलनामा सन् २०२४ मा बौद्धिक सम्पत्तिमा आधारित सम्पत्तिमा लगानी तीन गुणा तीव्र गतिमा बढेको छ ।'




इटालीको लुइस बिजनेस स्कुलसँगको सहकार्यमा प्रकाशित उक्त प्रतिवेदनले २७ वटा उच्च र मध्यम आय भएका अर्थतन्त्रमा अमूर्त लगानी गत वर्ष वास्तविकरूपमा करिब तीन प्रतिशतले वृद्धि भई ७.६ ट्रिलियन अमेरिकी डलर पुगेको देखाएको छ । डब्ल्युआइपिओका प्रमुख डेरेन टाङले भने, 'हामीले अर्थतन्त्रको विकास र प्रतिस्पर्धा गर्ने तरिकामा आधारभूत परिवर्तन देखिरहेका छौं ।'

'व्यवसायहरूले अनिश्चित समयमा कारखाना र उपकरणहरूमा लगानीलाई सुस्त पारेका छन्, तर लगानी अमूर्त सम्पत्तिमा दोब्बर हुँदै छन्,' उनले भने, 'यो प्रवृत्तिले नीति निर्माताहरूमा गहिरो प्रभाव पारेको छ । अमूर्त लगानीलाई बुझ्ने र वित्तपोषण गर्ने देशहरू प्राविधिक, डिजिटल र सांस्कृतिक नवीनताद्वारा सञ्चालित विश्वव्यापी अर्थव्यवस्थामा वृद्धिका लागि राम्रो अवस्थामा हुने छन् ।'

सन् २०२४ मा संयुक्त राज्य अमेरिकाले अमूर्त सम्पत्ति खरिदको पूर्णस्तरमा नेतृत्व गरेको थियो र फ्रान्स, जर्मनी, जापान र बेलायतले यस्तो सम्पत्तिमा लगानी गरेको भन्दा झण्डै दोब्बर लगानी गरेको थियो । यसैबीच स्वीडेन विश्वको सबैभन्दा अमूर्त-सम्पत्ति-गहन अर्थव्यवस्थाको रूपमा रह्यो, यस्तो लगानीले स्वीडेनको कूल गार्हस्थ उत्पादन (जिडिपी) को १६ प्रतिशत हिस्सा ओगटेको छ ।

संयुक्त राज्य अमेरिका, फ्रान्स र फिनल्याण्डले जिडिपीको १५ प्रतिशतको तीव्रताका साथ पछ्याए । डब्ल्युआइपिओका अनुसार भारतमा अमूर्त लगानीको तीव्रता लगभग १० प्रतिशत छ जसले भारत युरोपेली संघ र जापानसहित विश्वका धेरै अर्थव्यवस्थाभन्दा अगाडि रहेको छ ।

प्रतिवेदनले सन् २००८ देखि २०२४ को बीचमा अमूर्त सम्पत्तिमा गरिएको लगानीले संकटको समयमा पनि निरन्तर र लचिलो वृद्धि भएको देखाएको छ । डब्ल्युआइपिओका अनुसार मूर्त सम्पत्ति लगानीका लागि यो एक प्रतिशतमात्र हो ।

सफ्टवेयर र डेटाबेसले सन् २०१३ देखि २०२२ को बीचमा वार्षिक सात प्रतिशतभन्दा बढीले वृद्धि हुने अमूर्त सम्पत्ति लगानीको सबैभन्दा तीव्र वृद्धि भएको देखाएको छ । साथै, यसले यस्तो लगानी हालको आर्टिफिसियल इण्टेलिजेन्स विकाससँग मिल्दोजुल्दो भएको र सम्भवतः प्रेरित भएको कुरा प्रकाश पारेको छ ।

एआईले पहिले नै चिप्स, सर्भर र डेटा सेण्टरसहित मूर्त पूर्वाधारहरूमा लगानीलाई बढावा दिइरहेको छ र यसले एआई प्रणालीहरूलाई प्रशिक्षित गर्न आवश्यक तथ्यांक सेटहरूजस्ता चीजहरूमा अधिक अमूर्त लगानीलाई बढावा दिन थालेको रिपोर्टले देखाएको छ । डब्ल्युआइपिओको अर्थशास्त्र र तथ्यांक विश्लेषण विभागका प्रमुख साचा वुन्श-भिन्सेण्टले भने, 'मानिसहरू सोच्छन् कि हामी पहिले नै एआई विकासको बीचमा छौं, तर हामी वास्तवमा सुरुमा मात्र छौं ।' *रासस⁄एएफपी*

# मंगोलिया-जापानबीचको 'गहिरो मित्रता'को जापानी सम्राटद्वारा प्रशंसा

**दाम्बादर्जा, मंगोलिया–** जापानका सम्राटको पहिलो राजकीय मंगोलिया भ्रमणका क्रममा राजदम्पतीले दोस्रो विश्वयुद्धको अन्त्यपछि नजरबन्द शिविरको अवलोकन गर्दै त्यहाँ मारिएका जापानी नागरिकको सम्झना गरेका छन् ।

जापान र मंगोलिया हालैका वर्षहरूमा नजिक भएका छन् । टोकियोको सहयोगले विशाल भूगोल र कम जनसंख्या भएको देशको आर्थिक विकासलाई गति दिन मद्दत पुऱ्याएको छ । जापानका सम्राट नारुहितो र उनकी पत्नी साम्राज्ञी मासाको युद्ध अन्त्य भएको ८०औं वर्षगाँठको उपलक्ष्यमा आठदिने राजकीय भ्रमणमा मंगोलिया भ्रमणमा रहेका छन् ।

जापानले दोस्रो विश्वयुद्धको समयमा महाद्वीपीय एसियामा आफ्नो विस्तारको क्रममा मंगोलियामाथि आक्रमण गरेको थिएन तर मस्कोले द्वन्द्वको अन्त्यपछि हजारौं जापानी युद्धबन्दीहरूलाई मंगोलियामा स्थानान्तरण गरेको थियो, जहाँ



पूर्वाधार परियोजनाहरूमा काम गर्ने क्रममा लगभग एक हजार ७०० नागरिकको मृत्यु भएको विश्वास गरिन्छ ।

मंगोलियाको राजधानी उलानबातर नजिकैको दम्बादर्जामा टोकियोको आर्थिक सहयोगमा युद्धकैदीको चिहानमा निर्मित स्मारकमा मंगलबार दम्पतीले पुष्पगुच्छा अर्पण गर्नुका साथै एक मिनेट मौनधारण गरेका थिए । मंगोलियाका राष्ट्रपति उखना खुरेलसुखले आयोजना गरेको रात्रिभोजमा नारुहितोले दुई देशबीचको गहिरो मित्रता र सहयोगको प्रशंसा गरेका थिए ।

'मलाई आशा छ, अहिलेको युवा पुस्ता उनीहरूका पूर्ववर्तीहरूको मार्गको उत्तराधिकारी हुने छन् र यस विशाल भूमिमा रोपिएका सहयोगका धेरै बीउहरू फुल्न दिने छन्,' सम्राट नारुहितोले भने । उनले मंगोलियाली राज्य मोरिन खुर सिम्फनी आर्केस्ट्रासँग मिलेर आफ्नो भायोलामा दुई गीतहरू प्रदर्शन गरेका छन् ।

मंगोलियाको सबैभन्दा ठूलो वार्षिक उत्सव नादमको उद्घाटन समारोहमा राजदम्पती शुक्रबार सहभागी हुने कार्यक्रम रहेको छ । मंगलबार पनि उनीहरू उलानबाटारमा आयोजित स्वागत समारोहमा सहभागी भएका थिए र मंगोलियाली सम्मानको समीक्षा गरेका थिए ।

नारुहितोले गत साता पत्रकारहरूसँग कुरा गर्दै यो भ्रमणले विशेषगरी युवा पुस्ताबीच दुई देशबीचको आदानप्रदानलाई थप मजबुत बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरेका थिए । शाही दम्पतीले यस वर्ष युद्धमा मारिएकाहरूको सम्झनामा हिरोशिमा, ओकिनावा र इवो जिमालगायत थुप्रै आन्तरिक भ्रमण गरेका छन् ।

गत महिना बेइजिङले जापानी आक्रमण र विश्व फासीवाद विरोधी युद्धको ८०औं वर्षगाँठको उपलक्ष्यमा सेप्टेम्बरमा भव्य सैन्य परेड आयोजना गर्ने घोषणा गरेको थियो । *रासस⁄एएफपी*

# दिल्लीमा पाँच बंगलादेशी नागरिक पक्राउ

**नयाँदिल्ली–** दक्षिण पश्चिम जिल्ला प्रहरीको सुरक्षा अभियानका क्रममा दिल्लीमा अवैधरूपमा बसोबास गरेको आरोपमा एक महिला ४० दिनको शिशुसहित पाँच बंगलादेशी नागरिकलाई पक्राउ गरेको प्रहरीले बुधबार जनाएको छ ।

अधिकारीहरूका अनुसार उक्त समूहलाई फरक-फरक स्थानबाट पक्राउ गरिएको थियो । सबै आवश्यक कानुनी प्रक्रिया पूरा गरिसकेपछि एफआरआरओ, दिल्लीसँग समन्वय गरी निर्वासन प्रक्रिया सुरु गरिएको छ ।

पक्राउ परेका व्यक्तिहरू उकील अमिन, अब्दुल रहिम मोहम्मद जाकिर रहेका छन् उनीहरू शेखादी डोनिया, यात्राबाडी र ढाकाका बासिन्दा हुन् । अवैध आप्रवासन रोक्न र दक्षिण पश्चिम जिल्लाको क्षेत्राधिकारमा गैरकानुनीरूपमा बसोबास गर्ने विदेशी नागरिकहरूको निगरानी गर्न, एक टोली नियुक्त गरिएको छ । टोलीलाई सतर्कता गस्ती, प्रभावकारी सतर्कता सुनिश्चित गर्ने र अवैध गतिविधिविरुद्ध सक्रिय उपायहरूको बारेमा जानकारी दिइएको थियो ।

दिल्लीको क्याण्ट क्षेत्रमा केही अवैध बंगलादेशी आप्रवासीहरू घुम्दै गरेको गोप्य सूचना प्राप्त भएको मंगलबार प्रहरीलाई जानकारी भएको प्रहरीले जनाएको छ । गोप्य सूचनाका आधारमा कर्मचारीहरूले सन्दिग्ध व्यक्तिहरूसँग उनीहरूको कागजात मागे, र सोधपुछ गरेपछि ती व्यक्तिहरू वैध कागजातहरू पेस गर्न नसकेका र सन् २०२३ मा अवैध माध्यमबाट भारत प्रवेश गरेका अवैध बंगलादेशी आप्रवासी भएको स्वीकार गरेका थिए ।

हालै उनीहरूलाई इँटा भट्टका मालिकले कामबाट हटाएका थिए । यसका कारण उनीहरू श्रमको खोजीमा रेलबाट दिल्ली आएका थिए । उनीहरूसँग बंगलादेशको राष्ट्रिय परिचयपत्रलगायत बंगलादेशी कागजातहरूको छायाँप्रति मात्र भएको प्रहरीले बताएको छ । *रासस⁄एएनआई*

# इरानस्थित रुसी राजदूतावास पुनः सञ्चालनमा



**मस्को–** इरानको सुरक्षा स्थिति स्थिर भएको उल्लेख गर्दै रुसले तेहरानस्थित आफ्नो राजदूतावास सर्वसाधारणका लागि पुनः खोलिएको बुधबार जनाएको छ ।

इजरायलसँगको दुई साता लामो द्वन्द्वका क्रममा सुरक्षा स्थितिलाई मध्यनजर गर्दै रूसले तेहरानस्थित दूतावासबाट सेवा बन्द गरेको थियो । गत जुन १५ मा इजरायलले इरानको आणविक केन्द्र, सैन्य संरचनाका साथै आवासीय क्षेत्रमा अकस्मात हवाई आक्रमण चलाएपछि उक्त मिसनले कन्सुलर सेवा बन्द गरेको थियो ।

उक्त आक्रमणमा वरिष्ठ सैन्य कमाण्डर र आणविक वैज्ञानिकसहित एक हजारभन्दा बढी इरानीको मृत्यु भएको थियो । रुसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले नियमित पत्रकार सम्मेलनमा स्थिति 'केही स्थिर' भएको बताउँदै तेहरानस्थित रुसी दूतावासको कन्सुलर सेवा सामान्य अवस्थामा सञ्चालन गरिएको बताए ।

यद्यपि, उनले रुसी नागरिकलाई इरानको भ्रमण गर्दा सावधानी अपनाउन र सतर्क रहन पनि आग्रह गरेका छन् । मस्कोले तेहरानलाई महत्त्वपूर्ण सहयोग प्रदान गर्दछ तर संयुक्त राज्य अमेरिका इजरायलको बमबारी अभियानमा सामेल भएपछि आफ्नो साझेदार इरानको द्वन्द्वमा कुनै संलग्नता भने देखाएन । *रासस⁄एएफपी*

# टेक्सासमा बाढीपछि १६० जनाभन्दा बढी बेपत्ता

**हण्ट (संयुक्त राज्य अमेरिका)–** टेक्सासमा विनासकारी बाढीपछि १६० भन्दा बढी मानिस बेपत्ता भएको राज्यका गभर्नरले मंगलबार बताएका छन् । अहिलेसम्म १०९ जनाको ज्यान लिएको यो त्रासदीबाट बेपत्ता हुनेहरूको संख्यामा नाटकीय वृद्धि भएको छ ।

टेक्सासका केही काउण्टीमा अचानक बाढी आएको चार दिनपछि बाँचेका व्यक्तिहरू भेट्ने आशा मिसिएको थियो र गभर्नर ग्रेग एबटले बेपत्ताहरूको सूची अझै बढ्न सक्ने चेतावनी दिएका छन् । 'केर काउण्टी क्षेत्रमामात्रै १६१ जना बेपत्ता भएको थाहा छ,' उनले मंगलबार गम्भीर खोजी जारी रहँदा पत्रकारहरूलाई भने, 'त्यो सूचीमा अझ धेरै थप्न सकिने सम्भावना छ ।'

उनले यो आँकडा साथीहरू, आफन्तहरू र छिमेकीहरूले बेपत्ताका रूपमा रिपोर्ट गरेका व्यक्तिहरूमा आधारित रहेको बताए । मध्य टेक्सास क्षेत्रको 'फ्ल्यास फ्लड एली' भनेर चिनिने केर काउण्टीमा सबैभन्दा धेरै क्षति भएको छ । यहाँ कम्तीमा ९४ जनाको मृत्यु भएको छ ।

यसमा कम्तीमा २७ केटी र सल्लाहकारहरू समावेश छन् । शुक्रबार बिहान सबेरै जुलाई चौथो बिदाको सुरुआत हुँदा नदीमा बाढी आउँदा उनीहरू गुआडालुपे नदीमा युवा समर क्याम्पमा बसिरहेका थिए । सयौं मानिस सुतिरहेका बेला क्याबिनहरूलाई बगाएको थियो र पानीको धाराले क्याम्पलाई बगाएको थियो ।



एबटका अनुसार मंगलबार साँझसम्म पाँच जना क्याम्पर र एक सल्लाहकार अझै बेपत्ता छन् । साथै क्याम्पसँग सम्बन्धित नभएको अर्को बच्चा पनि बेपत्ता भएका छन् । 'हाम्रो हृदय र दिमागमा यस समुदायका मानिसहरू, विशेषगरी अझै हराएका मानिसहरूभन्दा महत्त्वपूर्ण अरू केही छैन,' एबटले भने ।

राज्यका अन्य ठाउँमा अहिलेसम्म कम्तीमा १५ जनाको मृत्यु भएको रेकर्ड गरिएको छ । टेक्सास गेम वार्डन्सका बेन बेकरले पानी र माटोका कारण हेलिकप्टर, ड्रोन र कुकुरहरू सम्मिलित खोजी र उद्धार प्रयासहरू अत्यन्त कठिन भएको बताए ।

'जब हामी यी उद्धार गर्ने प्रयास गरिरहेका हुन्छौं, यी ठूला थुप्रोहरू धेरै अवरोधकारी हुन सक्छन्, र यी थुप्रोहरूमा गहिरो प्रवेश गर्न, यो धेरै खतरनाक हुन्छ,' बेकरले भने, 'यो अत्यन्त विश्वासघाती, समय खपत गर्ने हो । यो फोहोर काम हो, पानी अझै छ ।'

अमेरिकी राष्ट्रिय मौसम सेवा (एनडब्ल्युएस) ले मंगलबार छिमेकी राज्य न्यु मेक्सिकोको अल्बुकर्कबाट १८४ माइल (२९६ किलोमिटर) दक्षिणमा रहेको सानो सहर रुइडोसोमा आकस्मिक बाढी आपत्काल घोषणा गरेको छ । अधिकारीहरूले रिपोर्ट गरे कि धेरै व्यक्ति अचानक आएको बाढीले फसेका छन्, धेरै घरमा क्षति भएको छ । एनडब्ल्युएसले रियो रुइडोसो २० फिट (छ मिटर) भन्दा बढी उचाइमा पुगेको हुनसक्ने बताएको छ ।

### वर्षाले खोजी कार्यलाई रोक्दैन

विपद्को केन्द्रबिन्दु हण्ट सहरमा, एएफपी टोलीले उद्धारकर्मीहरूलाई हेलिकप्टरहरू माथि उडिरहेको अवस्थामा भग्नावशेषका थुप्रोहरूमा खोजी गरिरहेको देख्यो । २४ वर्षीय जेभियर टोरेस आफ्ना हजुरबुबाको शव फेला पारेपछि आफ्नी हजुरआमाको शव खोज्दै हिलोमा खनिरहेका थिए । उनले नदीले बगाएका दुई बालबालिकाको शव पनि फेला पारे ।

अधिकारीहरूले आगामी दिनहरूमा थप भारी वर्षाको चेतावनी दिएका छन् । यसले खोजी कार्यलाई प्रभावित पार्न सक्छ । यद्यपि बेकरले यसले खोजी प्रयासहरूलाई 'नरोक्ने' बताए ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार प्रथम महिला मेलानिया ट्रम्पसँग टेक्सास भ्रमण गर्ने कार्यक्रम छ । 'हामीले चारैतिरबाट धेरै हेलिकप्टर ल्यायौं... तिनीहरू वास्तविक पेशेवर थिए, र तिनीहरू धेरै मानिसलाई बाहिर निकाल्न जिम्मेवार थिए,' ट्रम्पले भने ।

यसैबीच, ट्रम्प सरकारको कोष कटौतीले चेतावनी प्रणालीलाई कमजोर पारेको र उद्धार अभियानको व्यवस्थापनलाई लिएर प्रश्नहरू बढेका छन् । कहिलेकाहीँ तनावपूर्ण प्रेस सम्मेलनका क्रममा बेकरले आपत्कालीन प्रतिक्रियाको गतिमाथिको प्रश्नलाई छाडे । 'अहिले, यहाँको यो टोली मानिसहरूलाई घर फर्काउनमा केन्द्रित छ,' उनले भने ।

क्लाइमेट सेण्ट्रल रिसर्च समूहका मौसमविज्ञ शेल विंकलेले सुक्खा माटोले कम वर्षा अवशोषित गर्दा भूगोल र असाधारण खडेरीमा प्रकोपको सीमालाई दोष दिए । 'टेक्सासको यो भाग, कमसेकम केर काउण्टी बाढीमा विशेषगरी, चरमदेखि असाधारण खडेरीमा थियो... हामीलाई थाहा छ कि मेदेखि तापक्रम औसतभन्दा माथि छ,' विंकलेले पत्रकारहरूलाई भने । संगठनका मिडिया निर्देशक टम डि लिबर्टोले राष्ट्रिय मौसम सेवामा कर्मचारी अभावले प्रकोप निम्त्याएको बताए । 'तपाईंले त्यो अनुभवलाई प्रतिस्थापन गर्न सक्नुहुन्न,' उनले भने । *रासस⁄एएफपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १९२१०० | प्रति तोला – ० | प्रति तोला – २१७० |



संखुवासभाको खाँदबारी नगरपालिका-४ अरुणथान नजिकै खेतमा धान रोपाइँमा व्यस्त किसान । यो वर्ष समयमा पानी नपर्दा रोपाइँ ढिलो सुरु भएको छ । *तस्बिरः भविन कार्की/रासस*

# मौद्रिक नीतिको अन्तिम तयारीमा राष्ट्र बैंक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंक आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अन्तिम तयारीमा छ । सरकारले वित्त नीतिमार्फत् लिएको छ प्रतिशतको आर्थिक वृद्धि र साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीतिलाई सघाउनेगरी राष्ट्र बैंकले मौद्रिक नीति ल्याउनेछ ।

कर्जा विस्तार गर्ने, खराब कर्जा घटाउने, ब्याजदर सन्तुलन, बाह्य क्षेत्र व्यवस्थापनलगायत विषय पनि मौद्रिक नीतिको प्राथमिकता रहेका छन् । आगामी आर्थिक वर्षको मौद्रिक नीतिबाट निजी क्षेत्रले राखेका अपेक्षाअनुसार यस क्षेत्रका दुई छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघले राष्ट्र बैंकलाई सुझाव दिइसकेका छन् ।

महासंघले अर्थतन्त्रमा देखिएको शिथिलता, वित्तीय क्षेत्रको जोखिम र अनौपचारिक क्षेत्रको ठूलो हिस्सालाई केन्द्रविन्दुमा राख्दै सुधारोन्मुख अर्थतन्त्रलाई गति दिन, निजी क्षेत्रको मनोबल बढाउन र सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमलाई सम्बोधन गर्नेगरी नीतिगत सुधारमा जोड दिएको छ ।

त्यस्तै, परिसंघले न्यून बजार मागलाई उकासेर आर्थिक गतिविधि बढाउने, मौद्रिक नीतिगत अभ्यासमा सुधार गर्ने र राष्ट्र बैंकको संरचनागत सुधार गर्नुपर्ने सुझाव दिएको छ । आगामी मौद्रिक नीतिले निजीक्षेत्रलाई लगानीका लागि प्रोत्साहित गर्ने, बजारको आत्मविश्वास उकास्ने र यसबाट नयाँ रोजगारी सिर्जना तथा बजार माग वृद्धिमार्फत अर्थतन्त्रको पुनरुत्थानमा सहयोग पुग्ने अपेक्षा परिसंघको छ ।

कर्जा पुनर्तालिकीकरण र



पुनःसंरचनाका लागि आगामी आर्थिक वर्षको बजेटमा राखिएको व्यवस्थालाई कार्यान्वयन गर्न मौद्रिक नीतिमा ठोस कार्यक्रम समावेश गर्न राष्ट्र बैंकलाई सुझाव दिइएको छ । यो सुविधा सबै उद्योग व्यवसायका लागि उपलब्ध गराउनुपर्ने, थप कार्यशील पुँजी प्रवाह र ब्याज जरिवानामा सहुलियतको व्यवस्थालाई स्पष्ट पारी प्रभावकारी रूपमा लागू गर्नुपर्ने सुझाव दिइएको छ ।

उत्पादनमूलक, पर्यटन, निर्माण उद्योग र आवास विकास कम्पनीका लागि सरल तथा सुलभ तरिकाले कार्यशील पुँजी कर्जा उपलब्ध गराउन सहजीकरण गर्नुपर्ने, व्यवसायको प्रकृतिअनुसार चालु पुँजी कर्जाको निर्णय गर्ने अधिकार सम्बन्धित बैंक र ऋणीहरूलाई दिनुपर्नेलगायत सुझाव महासंघले राष्ट्र बैंकलाई दिएको छ ।

नेपाल सन् २०२६ भित्रमा अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइसक्नुपर्ने सन्दर्भमा लघु, घरेलु, साना र महिलाद्वारा सञ्चालित निर्यातजन्य उद्योगको प्रतिस्पर्धी क्षमता कायम राख्न यस्ता क्षेत्रलाई सहुलियत कर्जा उपलब्ध गराउने नीतिगत व्यवस्थाका लागि पनि महासंघले माग गरेको छ ।

महिला उद्यमशीलता कर्जालाई उत्पादनसँग जोडेर ब्याज अनुदानको व्यवस्थालाई व्यवस्थित गर्नुपर्ने र रू पाँच करोडसम्मको कर्जामा अधिकतम दुई प्रतिशत प्रिमियम दरमा कर्जा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने सुझाव महासंघले दिएको छ ।

युवा उद्यमशीलता प्रवर्द्धनका लागि जेन-जी पुस्तालाई व्यवसायमा आकर्षित गर्न नागरिक एपमार्फत व्यवसाय दर्ता र रू एक करोडसम्मको परियोजना कर्जा उपलब्ध गराउन पनि महासंघले माग गरेको छ ।

औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउने व्यक्तिको नेपालस्थित आश्रित परिवारलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्ने, हालको लक्षित कर्जा नीतिलाई परिमार्जन गरी उत्पादनमूलक उद्योग, पर्यटन र पूर्वाधारलाई प्राथमिकतामा राखेर निर्देशित नीति बनाउनुपर्ने, बैंक तथा वित्तीय संस्थाको गैरव्यावसायिक सम्पत्ति बढ्दै गएको सन्दर्भमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना र सञ्चालन गर्नुपर्ने सुझाव पनि महासंघले दिएको छ ।

त्यस्तै, आवासीय घर कर्जाको सीमा रू दुई करोडबाट बढाएर रू तीन करोड पुर्‍याउन पनि महासंघले राष्ट्र बैंकलाई आग्रह गरेको छ । 'प्राइभेट इक्विटी' र 'भेन्चर क्यापिटल'मा बैंकको लगानीमा अतिरिक्त पुँजी शुल्क नलाग्ने व्यवस्था गर्नुपर्ने तथा यस्ता कोषमा गरिएको लगानीलाई निर्देशित क्षेत्रमा कर्जा प्रवाह गरेसरहको मान्यता दिनुपर्ने महासंघले राष्ट्र बैंकलाई दिएको सुझावमा उल्लेख छ ।

नेपाल उद्योग परिसंघले ब्याजदरलाई राष्ट्र बैंकको उद्देश्यअनुरूप अनुशासित गर्नसक्ने गरी नीतिगत दरलाई प्रभावकारी बनाउने, हाल कायम रहेको वैधानिक तरलता अनुपात (एसएलआर) घटाउने, बैंक ब्याजदर निर्धारणका लागि आधार दरको विकल्प खोजिनुपर्ने, आधार दर (बेसरेट) भन्दा कममा बैंकहरूले कर्जा दिन नपाउने व्यवस्था खारेज गर्नुपर्नेलगायत सुझाव राष्ट्र बैंकलाई दिएको छ ।

त्यस्तै, मुद्दती र बचत निक्षेपमा विद्यमान न्यूनतम तथा अधिकतम ब्याजदर अन्तर पाँच प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था हटाउनुपर्ने, ब्याजदरमा पुनरावलोकन गर्दा अघिल्लो महिनाको ब्याजदरभन्दा १० प्रतिशतभन्दा बढीले र एकपटकभन्दा बढी घटाउन वा बढाउन नपाउने व्यवस्थालाई खारेज गरिनुपर्ने सुझाव पनि परिसंघले राष्ट्र बैंकलाई दिएको छ ।

हाल कार्यान्वयनमा रहेको शून्य दशमलव ५ प्रतिशतको काउन्टर साइक्लिकल क्यापिटल बफर (सिसिबी)लाई स्थगन गर्नुपर्ने र प्राथमिकताप्राप्त क्षेत्रमा लगाइएको निर्देशित कर्जा (डिरेक्टेड ल्याण्डिङ)को सीमा घटाउने सुझाव पनि परिसंघबाट आएको छ ।

राष्ट्र बैंकको सञ्चालक समितिको संरचनामा सुधार गर्नुपर्ने सुझाव पनि परिसंघको छ । 'राष्ट्र बैंकको सञ्चालक समितिमा सञ्चालकका रूपमा नियुक्त गरिने सदस्यहरू पहुँचका आधारमा नभएर विज्ञताका आधारमा नियुक्त गर्न आवश्यक छ । यसले केन्द्रिय बैंकको साख र भूमिकालाई थप प्रभावकारी बनाउनेछ', परिसंघले राष्ट्र बैंकमा बुझाएको सुझावमा भनिएको छ ।

# 'करिब ९५ हजार टन मल मौज्दात'

■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले सरकारले 'अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७' को व्यवस्थाका आधारमा कृषकलाई अनुदानमा मलखाद उपलब्ध गराउँदै आएको बताएका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले आकस्मिक, शून्य र विशेष समयमा उठाएको जिज्ञासाको जवाफ दिँदै हाल युरिया मलको खरिद मूल्य प्रतिकिलो ८२ रूपैयाँ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु १४ रूपैयाँ रहेको बताए ।

उनले भने, 'डिएपीको खरिद मूल्य प्रतिकिलो रु १२१ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु ४३ र पोटासको खरिद मूल्य प्रतिकिलो रु ६४ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु ३१ रहेको छ, यसरी वर्तमानमा युरिया, डिएपी र पोटास मलमा प्रतिकिलो अनुदान क्रमशः ५८, ७८ र ३३ रूपैयाँ रहेको छ । यसबमोजिम औसतमा मलमा करिब ६६ प्रतिशत अनुदान रहेको अवस्था छ ।'

मन्त्री अधिकारीले अनुदानमा उपलब्ध गराइने मलबाहेक पनि अनुदान नभएका अन्य मलखाद पनि कृषकले खुला बजारबाट खरिद गरी प्रयोग गर्ने गरेको उल्लेख गर्दै सीमावर्ती क्षेत्रका कतिपय कृषकले अनौपचारिक रूपमा सानो परिमाणमा सीमापारी भारतीय बजारबाट मल ल्याई प्रयोग गर्ने गरेको जानकारी गराए । कतिपय अवस्थामा सिफारिसअनुसार पूरैमात्रामा अनुदानको मल उपलब्ध नभए पनि खुला बजार र अन्य माध्यमबाट किनेर पनि कृषकले मल प्रयोग गर्ने गरेको उनको भनाइ छ ।

'उपलब्ध बजेटको सीमाभित्र रही अन्तरराष्ट्रिय बजारबाट रासायनिक मलको आयात गरी कृषकलाई अनुदानमा मल उपलब्ध गराउन मन्त्रालय क्रियाशील रहेको छ, चालु आर्थिक वर्षको लागि मन्त्रालयलाई प्राप्त भएको बजेट रु २७ अर्ब ३६ करोडबाट हालसम्म तीन लाख ८१ हजार टन मल आयात गरिसकिएको र चार लाख २४ हजार टन बिक्री गरिसकिएको छ', उनले भनेका छन् ।

त्यसको अलावा ५२ हजार टन युरिया र ३० हजार टन डिएपी कलकत्ता बन्दरगाह आइसकेको वा आउने क्रममा रहेको र धान हाम्रो मुख्य खाद्यान्नबाली रहेको र धानबालीमा मलको माग र खपत सबैभन्दा बढी भएकाले जारी धान रोपाइँ सिजनका लागि मलको अभाव नहोस् भनेर मन्त्रालयले आवश्यक व्यवस्था गरेको मन्त्री अधिकारीको भनाइ छ ।

उनले भने, 'यस क्रममा नेपाल भित्रिने क्रममा रहेको मलबाहेक हाल कृषि सामग्री कम्पनी लिमिटेड र साल्टट्रेडिङ कर्पोरेशनको देशभर रहेका डिपोमा करिब ९५ हजार टन मल मौज्दात रहेको छ भने देशभरका करिब ११ हजार मल बिक्रेता सहकारी संस्थाले सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा उल्लेखित डिपोबाट दैनिक करिब २० हजार क्विन्टल (४० हजार बोरा) मल सहकारीले बुझी लगिरहेका छन् ।'

खेती गरिएको बाली र मलको सिफारिस मात्राका आधारमा वार्षिक मलको आवश्यकता करिब १३ मेट्रिकटन रहे तापनि मध्य तथा उच्च पहाडमा सिफारिसअनुसार मलखाद प्रयोग कमै हुने कारण मलको प्रभावकारी माग करिब सातदेखि आठ लाख टन रहेको पाइएको मन्त्री अधिकारीले संसद्लाई जानकारी गराए ।

# ऐनापहरामा स्काइवाक निर्माण अन्तिम चरणमा

**दमौली (तनहुँ)–** तनहुँको आँबुखैरेनी गाउँपालिकास्थित पर्यटकीय गन्तव्यस्थल ऐनापहरामा 'स्काइ वाक' निर्माण अन्तिम चरणमा पुगेको छ । गत जेठ दोस्रो हप्तादेखि यहाँ स्काइ वाक निर्माण सुरु गरिएकामा काम अन्तिम चरणमा पुगेको जनाइएको छ । आँबुखैरेनी गाउँपालिका-२ स्थित ऐनापहरालाई पर्यटन हब बनाउने उद्देश्यसहित स्काइ वाक निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । रु १५ लाखको लगानीमा स्काइ वाक निर्माण गरिएको र केही दिनभित्रै यसलाई व्यावसायिक सञ्चालनमा ल्याउने तयारी गरिएको उनको भनाइ छ ।

कूल ५० मिटर अग्लो र ५७ मिटर लामो स्काइ वाकको प्रत्येक पाइला बीचमा एक फिटको खाली स्थान राखिएको छ । उनले भने, 'स्काइ वाकमा हिँड्दा हरियाली, शान्त पहरा र खुला आकाशको बीचमा एक अनौठो साहसिक अनुभव गर्न सकिनेछ । सुरक्षा उपायसहितको उच्च गुणस्तरीय निर्माण भएकाले डर मान्नुपर्ने अवस्था छैन ।'



यो स्थान पछिल्लो समय पर्यटकको आकर्षणको केन्द्र बनिरहेको रहेकाले यहाँ पूर्वाधार थप गरिएको उनको भनाइ छ । स्काइ वाकले यहाँको पर्यटन विकास र साहसिक गतिविधिका लागि सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

पृथ्वीराजमार्गसँगै जोडिएको यस ठाउँ पर्यटकको घुम्ने गन्तव्यको रूपमा विकास भएको छ । सार्वजनिक बिदाका दिन यहाँ आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गरेको छ । शनिबार यहाँ एक हजारभन्दा बढी पर्यटकको आगमन हुने गरेको आँबुखैरेनी गाउँपालिका-२ का वडाध्यक्ष आशबहादुर गुरुङले जानकारी दिए ।

ढुंगामा विभिन्न कलात्मक आकृति कोरिएको यस ठाउँ पर्यटकको रोजाइमा परेको उनले बताए । उनले भने, 'गाउँपालिकाले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा अगाडि बढाएको छ, राजमार्गसँगै जोडिएकाले पनि यस ठाउँ रोजाइमा पर्ने गरेको छ ।'

ऐना पहराबाट गाउँपालिकाले रु ६० लाखभन्दा बढी आम्दानी गरिसकेको छ । राजमार्गको नजिकै रहेको उक्त ठाउँ पर्यटकीय स्थलको रूपमा विकास भएपछि यस ठाउँलाई थप सुन्दर र आकर्षक बनाउन उद्यान निर्माण गरिएको छ ।

यहाँ झरना झरेको ठाउँको ढुंगामा गणेशको आकृति बनाइएको छ भने झरना नजिकैको ढुंगामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ । तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिउँडी खोलाको पानी बगेर झरनामा मिसिएको छ ।

ऐना पहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको जनाएको छ । यस ठाउँलाई व्यवस्थित गर्न विस्तृत आयोजना प्रतिवेदनअनुसार रु १० करोड बजेट आवश्यक पर्छ । डिपिआरअनुसार यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायतका संरचना निर्माण गर्ने उल्लेख छ । *रासस*


बक्यौता चुक्ता गर्ने बारे

**अत्यन्त जरुरी सूचना !**

यस **प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही मिति **२०८२ असार २५** गतेसम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email: marketing2prabhab@gmail.com



अब मात्र एक क्लिकमा...

**www.prabhabonline.com**

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ